# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २२ | काठमाडौं | बिहीबार, ०१ जेठ २०८२ | Prabhab National Daily | Thursday, May 15 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**मनसुनजन्य विपदबाट बच्ने उपाय**

- आपतकालीन अवस्थामा चाहिने सामग्री सुरक्षित रूपमा भण्डारण गरौं,
- बाढीको सम्भावना भएको बेला सतर्क बनौं र सुरक्षित स्थानमा सरौं,
- पहिरो सम्भावित क्षेत्रमा सकेसम्म यात्रा नगरौं,
- घर बनाउँदा सुरक्षित स्थान, संरचना र प्रविधिको प्रयोग गरौं,
- आपतकालीन झोला (औषधि, पानी, टर्च, सञ्चारका साधनसहित) तयार राखौं,
- विपद् पूर्वतयारीसम्बन्धी तालिममा सहभागी बनौं,
- विपद्पछि भ्रम र डर नफैलाऔं, आधिकारिक सूचना मात्र अनुसरण गरौं,
- सामूहिक सहयोग, सजगता र तयारीले मात्र विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


टिआरसीसम्बन्धी दुवै आयोग गठन

# सत्यनिरूपणमा थापा र बेपत्ता आयोगमा गड्तौला नियुक्त




■ प्रभाव संवाददाता

- सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा अध्यक्ष र सदस्य नियुक्त गर्ने मन्त्रिपरिषद्को निर्णय
- गभर्नर सिफारिस समिति पुनर्गठन, अर्थमन्त्री नेतृत्वको समितिमा पूर्वगभर्नर महाप्रसाद अधिकारी र अर्थविद् डा. पोषराज पाण्डे सदस्य

**काठमाडौं–** सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठनलाई पूर्णता दिएको छ । मन्त्रिपरिषद्को बुधबार साँझ बसेको बैठकले दुवै आयोगमा पदाधिकारी नियुक्त गरेको हो ।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले मन्त्रिपरिषद् बैठकले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम गठित सिफारिस समितिको सिफारिसबमोजिम दुवै आयोगका अध्यक्ष र सदस्य नियुक्त गर्ने निर्णय भएको जानकारी दिए ।

मन्त्री गुरुङका अनुसार सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्षमा वरिष्ठ अधिवक्ता महेश थापालाई नियुक्त गरिएको छ । यस्तै, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको अध्यक्षमा पूर्वमुख्यसचिव लीलादेवी गड्तौलालाई नियुक्त गर्ने निर्णय भएको उनले बताए । संखुवासभा थापा कर्पोरेट कानुनका विज्ञ हुन् । यसैगरी गड्तौला नेपालकी पहिलो महिला मुख्यसचिव हुन् ।

सत्य निरूपण तथा मेलमिलाप आयोगको सदस्यमा अचुतप्रसाद भण्डारी (जाजरकोट), डा. टीकाप्रसाद ढकाल (पाँचथर), पदमबहादुर शाही (जुम्ला) र कुमारी कौशल्य ओझा (कञ्चनपुर) नियुक्त भएका छन् । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको सदस्यमा गोपालनाथ योगी (सल्यान), अग्निप्रसाद थपलिया (झापा), सिर्जना पोखरेल (काठमाडौं) र विनिता नेपाली (कास्की) लाई नियुक्त गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

सरकारी खर्चमा बेथिति

# १२ खर्ब ८४ अर्ब नाघ्यो बेरुजु

## एक वर्षमा थपियो ९१ अर्ब ५९ करोड

■ प्रभाव संवाददाता


**काठमाडौं–** पछिल्लो एक वर्षमा सरकारको अनियमित खर्च अर्थात् बेरुजु ९१ अर्ब ५९ करोड रूपैयाँभन्दा बढी थपिएको छ । महालेखापरीक्षकको कार्यालयले बुधबार सार्वजनिक ६२औं प्रतिवेदन सार्वजनिक गर्दै बेरुजुको चाङ बढेर १२ खर्ब ८४ अर्ब रूपैयाँभन्दा बढी पुगेको औंल्याएको हो । यसले सरकार खर्चमा बढ्दो बेथितिलाई उजागर गरेको छ ।

प्रतिवेदनअनुसार संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरूजु सात खर्ब ३३ अर्ब १९ करोड नौ लाख रूपैयाँ बराबर छ । अद्यावधिक बेरूजु गत वर्षकोभन्दा ९.४५ प्रतिशतले बढेको छ ।

त्यस्तै, अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋणको कारबाही गरी टुंगो लगाउनुपर्ने रकम पाँच खर्ब ५१ अर्ब एक करोड रूपैयाँ गरी कूल १२ खर्ब ८४ अर्ब २० करोड रूपैयाँबराबर पुगेको हो । यसरी हालसम्मको कूल बेरूजु १२ खर्ब ८४ अर्ब २० करोड रूपैयाँ नाघेको प्रतिवेदनमा उल्लेख छ । पछिल्लो एक वर्ष अर्थात् आर्थिक वर्ष २०८०/८१ मा मात्रै ९१ अर्ब ५९ करोड ७९ लाख रूपैयाँ बराबर बेरूजु थपिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

महालेखाले तीनवटै तहका सरकार र तिनको मातहतमा रहेका सार्वजनिक निकाय तथा संगठित संस्थाको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षणबाट देखिएको बेरूजुको स्थिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति तथा भविष्यमा गर्नुपर्ने सुधारलगायतका विषय समेटेर प्रतिवेदन सार्वजनिक गरिएको हो ।

क्रमशः पृष्ठ २ मा




- आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षणबाट ९१ अर्ब ५९ करोड ७९ लाख रूपैयाँ बेरूजु थपियो
- अद्यावधिक बेरूजु सात खर्ब ३३ अर्ब १९ करोड नौ लाख रूपैयाँ कायम
- हालसम्मको कूल बेरूजु १२ खर्ब ८४ अर्ब २० करोड रूपैयाँ नाघ्यो
- कूल बेरूजुको ७०.६१ प्रतिशत अर्थात् ३३ अर्ब ७१ करोड १७ लाख रूपैयाँ बेरूजु अर्थ मन्त्रालयमा
- बेरूजु गत वर्षकोभन्दा ९.४५ प्रतिशतले वृद्धि
- संघीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थासमेतको ९४ खर्ब ६२ अर्ब ३६ करोड रूपैयाँको लेखापरीक्षण
- संघीय सरकारी कार्यालयतर्फ ४७ अर्ब ७४ करोड रूपैयाँ बेरूजु
- प्रदेशतर्फ चार अर्ब २० करोड रूपैयाँ र स्थानीय तहतर्फ २५ अर्ब ३२ करोड रूपैयाँ बेरूजु कायम
- समिति र अन्य संस्थातर्फ १४ अर्ब ३३ करोड रूपैयाँ बेरूजु
- संघीय सरकारी कार्यालयतर्फ एक हजार १०५ कार्यालय र प्रदेशका ३३३ कार्यालयमा देखिएन बेरूजु
- यो वर्ष लेखापरीक्षणबाट १४ अर्ब ४८ करोड ४१ लाख रूपैयाँ असुल

### धेरै बेरुजु भएका मन्त्रालय

| | |
|---|---|
| अर्थ मन्त्रालय | ३३ अर्ब ७१ करोड १७ लाख |
| भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ६ अर्ब ४३ करोड ६४ लाख |
| रक्षा मन्त्रालय | १ अर्ब ६७ करोड १४ लाख |
| भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | १ अर्ब ५० करोड ६५ लाख |
| परराष्ट्र मन्त्रालय | १ अर्ब ५ करोड ३३ लाख |
| ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ६५ करोड ८० लाख |
| सहरी विकास मन्त्रालय | ६२ करोड ०९ लाख |
| सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ५० करोड २३ लाख |
| उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ३८ करोड ४९ लाख |
| स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २३ करोड ६० लाख |

### बेरूजुको अखडा अर्थ मन्त्रालय

मुलुकको अर्थतन्त्रको बागडोर सम्हाल्ने अर्थ मन्त्रालय नै बेरुजुको अखडा बनेको छ । महालेखापरीक्षकको प्रतिवेदनअनुसार सबैभन्दा धेरै बेरुजु अर्थमा देखिएको हो । अर्थ तथा सो मन्त्रालय मातहतका निकायमा ३३ अर्ब ७१ करोड १७ लाख रूपैयाँ बेरुजु कायम भएको प्रतिवेदनमा उल्लेख छ । यो कूल बेरुजुको ७०.६१ प्रतिशत हो ।

प्रतिवेदनअनुसार यो वर्ष अर्थ र सो मन्त्रालयअन्तर्गतका निकायहरूतर्फ कूल २४ खर्ब ६७ अर्ब ९३ करोड छ लाख रूपैयाँबराबरको लेखापरीक्षण भएको थियो । उक्त लेखापरीक्षणबाट १.३७ प्रतिशत बेरुजु कायम भएको प्रतिवेदनमा उल्लेख छ । बेरुजु कायम भएको ३३ अर्ब ७१ करोड १७ लाख रूपैयाँमध्ये १२ अर्ब ९१ करोड ४४ लाख रूपैयाँ असुल गर्नुपर्ने बेरुजु देखिएको छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# सिण्डिकेटविरूद्ध संघको खबरदारी

कुनै पनि हालतमा सिण्डिकेट मान्दैनौं : -भुवनसिंह गुरुङ

सिण्डिकेट ल्याइए मलेसियाको रोजगारी नै बन्द गर्नुपर्छ : -प्रेम कटुवाल

सिण्डिकेट ल्याउन खोज्ने व्यवसायीहरुको नाम सार्वजनिक गरौं : -रोहन गुरुङ

कानुनले बर्जित गरेको सिण्डिकेट ल्याउन लाग्नेहरु सजायको भागीदार बन्नुपर्छ : -जनक रावल




■ ममता थापा

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार व्यवसायमा एकाधिकार (सिण्डिकेट) लागू हुन नदिने घोषणा गरेको छ । संघले बुधबार सिण्डिकेटविरुद्ध खबरदारी तथा विरोध कार्यक्रम नै राखेर यस्तो घोषणा गरेको हो ।

मलेसियामा रोजगारी खुलेसँगै त्यहाँ सीमित व्यवसायीले मात्र कामदार पठाउन पाउनेगरी सिण्डिकेट लागू गर्ने प्रयास भइरहेको भन्दै संघले विरोध जनाउँदै आएको छ । यस्तो आशंका व्यापक हुन थालेपछि संघले त्यसविरुद्ध खबरदारी गर्न विरोध कार्यक्रम आयोजना गरेको बताएको छ । वैदेशिक रोजगार व्यवसायलाई स्वस्थ प्रतिस्पर्धात्मक र मर्यादित बनाउन व्यवसायीको ऐक्यबद्धता जुटाउने उद्देश्य पनि उक्त कार्यक्रमको रहेको बताइएको छ ।

कार्यक्रममा संघका अध्यक्ष भुवनसिंह गुरुङले कुनै पनि हालतमा सिण्डिकेट मान्य नहुने बताए । उनले सिण्डिकेट ल्याउने सपना देख्नेहरूलाई व्यवसायबाट हात धुन तयार हुनसमेत चेतावनी दिए । 'वैदेशिक रोजगार व्यवसायी संघ सिण्डिकेट ल्याउन खोज्नेहरूकाविरुद्ध जस्तोसुकै कदम चाल्न पनि तयार छ,' गुरुङले भने । सबै व्यवसायीले निर्वाधरूपमा व्यवसाय गरेर जीविकोपार्जन गर्न पाउनुपर्ने भन्दै एकाधिकार ल्याउने सपना देखे उनीहरू स्वयंका लागि आत्मघाती हुने उनले बताए ।

संघका पूर्वअध्यक्ष रोहन गुरुङले सीमित व्यवसायीले मात्र काम गर्न पाउने भए मलेसियाको रोजगारी बन्द गरिनुपर्ने बताए । व्यवसायीहरूबीच अन्य कुरामा असहमति भए पनि सिण्डिकेटको विषयमा एक ढिक्का हुनुपर्नेमा उनले जोड दिए । यदि सिण्डिकेट लागू भए संघ जवाफदेही हुनुपर्ने भएकाले यसमा होसियार हुन वर्तमान कार्यसमितिलाई सुझावसमेत दिए ।

'संघका साथीहरू कोही पनि सिण्डिकेटको पक्षमा हुनुहुन्न । उनहरू यो ल्याउन चाहनुहुन्न भन्ने सबैलाई थाहा छ । तर यदि सिण्डिकेट आइहाल्यो भने संघले नै हो जवाफ दिने,' पूर्वअध्यक्ष गुरुङले भने । संघले 'हामी सिण्डिकेट मान्दैनौं भनेर मात्र जिम्मेवारी पूरा नहुने उनको भनाइ छ । सिण्डिकेट ल्याउन खोज्नेहरू व्यवसायभित्रै रहेकाले प्रतिबद्धतापत्र लिएर नआउने मलेसिया काम गर्ने व्यवसायीहरूको नाम सार्वजनिक गर्न संघ उनले संघसँग माग गरे ।

संघका अर्का पूर्वअध्यक्ष प्रेम कटुवालले पनि सिण्डिकेट ल्याइए मलेसियाको रोजगारी नै बन्द गरिनुपर्ने बताए । यदि मलेसियालाई नेपाली कामदार चहिन्छ भने अन्य मुलुकमा जसरी काम हुन्छ त्यसैगरी काम गर्न पाउनुपर्ने उनको भनाइ छ ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका अध्यक्ष जनक रावलले अन्तर ा्ष्ट्रिय कानुनले बर्जित गरेको सिण्डिकेट ल्याउन कोही लागेको भए उनीहरू सजायको भागीदार हुन तयार भएर बस्न चेतावनी दिए ।

क्रमशः पृष्ठ २ मा

# साउदीमा अलपत्र परेका नेपालीको उद्धार गर्न माग



- साउदीस्थित सेन्ड्रन इन्टरनेसनल कम्पनी लिमिटेड बन्द भएपछि सो कम्पनीमा कार्यरत ४६९ जना नेपाली अलपत्र परेकाले तत्काल उद्धार र सहयोग गर्न सरकारको ध्यानाकर्षण
- कम्पनी बन्द भएपछि नेपाली कामदारले दुई महिनादेखि नौ महिनाको तलब नपाएको जानकारी

**काठमाडौं (प्रस)–** साउदी अरबमा रोजगारदाता कम्पनी बन्द भएर अलपत्र परेका नेपालीलाई उद्धार गर्नुपर्ने विषय संसद्मा उठेको छ । प्रतिनिधिसभाको बुधबारको बैठकमा नेकपा एमालेका मुख्य सचेतक महेशकुमार बर्तौलाले उक्त विषय उठाएका हुन् ।

उनले साउदी अरबमा रोजगारदाता कम्पनी बन्द भएर अलपत्र परेका नेपालीको उद्धार गर्न सरकारको ध्यानाकर्षण गराए । बैठकको आकस्मिक समयमा उनले साउदी अरबको जुवेल सहरस्थित सेन्ड्रन इन्टर नेसनल कम्पनी लिमिटेड बन्द भएपछि सो कम्पनीमा कार्यरत ४६९ जना नेपाली अलपत्र परेकाले तत्काल उद्धार र सहयोग गर्न सरकारको ध्यानाकर्षण गराए ।

'रोजगारदाता कम्पनी बन्द हुँदा कामविहीन भएका ४६९ मध्ये २२६ जनाले नेपाल फर्कन चाहेका छन् । त्यहाँको दूतावासमा सम्पर्क गरेर उनीहरू नेपाल फर्कन चाहेका बताएका छन्,' सांसद बर्तौलाले भने, 'रोजगारविहीन भएकामध्ये २४३ जनाले अन्य कम्पनीमा काम गर्ने वातावरण मिलाउन आग्रह गरेका छन् ।'

कम्पनी बन्द भएपछि दुई महिनादेखि नौ महिनाको तलब पनि नेपाली कामदारले नपाएका बताउँदै उनले तलबका लागि कम्पनीको व्यवस्थापनलाई पटक-पटक ध्यानाकर्षण गराउँदा पनि कुनै वास्ता नगरिएको सदनलाई जानकारी गराए । 'कामविहीन भए पनि ती नेपाली अहिले शिविरमा बसिरहेका छन्, त्यहाँ खानाको समस्या छ, बिरामी परेका छन्, स्वास्थ्य उपचार पाएका छैनन्,' सांसद बर्तौलाले भने, 'नेपाल फर्कन चाहनेले भिसा बन्द भएकाले स्वदेश आउन पाएका छैनन्, यथाशीघ्र ती नेपालीको उद्धार गरी आवश्यक सहयोग र सहजीकरणमा जुटन म सरकारसँग आग्रह गर्छु ।'

सांसद मनिष झाले वैदेशिक रोजगारीमा रहेका नेपालीले भोग्दै आएका समस्या समाधानका लागि सम्बन्धित मुलुकमा रहेका नेपाली दूतावासलाई सक्रिय बनाउन माग गरे ।

## पृष्ठ १ बाट क्रमशः

# १२ खर्ब ८४...

महालेखापरीक्षक तोयम रायाले बुधबार उक्त प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पेस गरेका थिए । यो वर्ष संघीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थासमेतको ९४ खर्ब ६२ अर्ब ३६ करोड रूपैयाँको लेखापरीक्षण सम्पन्न भएको महालेखापरीक्षकको कार्यालयले जनाएको छ । लेखापरीक्षणबाट विभिन्न सैद्धान्तिक बेरूजुका अतिरिक्त ९१ अर्ब ६० करोड रूपैयाँ लगती बेरूजु देखिएको छ । सोमध्ये तीन हजार ९३ संघीय सरकारी कार्यालयको ३१ खर्ब छ अर्ब १६ करोड रूपैयाँ लेखापरीक्षणबाट ४७ अर्ब ७४ करोड अर्थात् १.५४ प्रतिशत बेरूजु देखिएको छ ।

प्रदेशतर्फ एक हजार १६५ कार्यालयको तीन खर्ब आठ अर्ब ५६ करोड रूपैयाँको लेखापरीक्षणबाट चार अर्ब २० करोड रूपैयाँ अर्थात् १.३६ प्रतिशत देखिएको छ। त्यसैगरी स्थानीय तहतर्फ यस वर्षको ७५३ र बक्यौता आठसमेत कूल ७६१ को ११ खर्ब १८ अर्ब ४६ करोड रूपैयाँको लेखापरीक्षणबाट २५ अर्ब ३२ करोड रूपैयाँ अर्थात् २.२६ प्रतिशत बेरूजु देखिएको छ । समिति र अन्य संस्थातर्फ ६९५ निकायको पाँच खर्ब २२ अर्ब १३ करोड रूपैयाँको लेखापरीक्षण भएकामा १४ अर्ब ३३ करोड रूपैयाँ बेरूजु कायम भएको छ ।

त्यसैगरी, ४३ संगठित संस्थाको ४५ आय वर्षको ४४ खर्ब सात अर्ब पाँच करोड रूपैयाँको लेखापरीक्षण गरिएको छ। सोको अतिरिक्त ४२ संगठित संस्थाको लेखापरीक्षणका लागि परामर्श उपलब्ध गराएबमोजिम १५ खर्ब ७७ अर्ब ४९ करोड रूपैयाँको लेखापरीक्षण भएको महालेखाले जनाएको छ । वित्तीय लेखापरीक्षणको अतिरिक्त ११ विषयको कार्यमूलक, एक विषयको वातावरणीय, एक विषयको सूचना प्रविधि र दुई विषयको विशेष लेखापरीक्षण गरिएको जनाइएको छ ।

अघिल्लो आर्थिक वर्ष २०७९/८० वर्षसम्मको बाँकी बेरूजु छ खर्ब ६९ अर्ब ८६ करोड रूपैयाँ रहेकोमा समायोजन तथा फर्स्योट गरिएको अंक घटाई यो वर्षको थपसमेत सात खर्ब ३३ अर्ब १९ करोड रूपैयाँ बेरूजु बाँकी रहेको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै लेखापरीक्षणका क्रममा तथा सम्परीक्षणबाट यो वर्ष १४ अर्ब ४८ करोड रूपैयाँ असुल भएको महालेखाले जनाएको छ ।

कारबाही गरी टुंगो लगाउनुपर्ने पाँच खर्ब ५१ अर्ब दुई करोड रूपैयाँ रहेकोमध्ये राजस्व बक्यौता चार खर्ब ७२ अर्ब ३५ करोड रूपैयाँ, शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान छ अर्ब २५ करोड रूपैयाँ, शोधभर्ना लिन बाँकी वैदेशिक ऋण १४ अर्ब ३३ करोड रूपैयाँ, जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज ४९ अर्ब ३७ करोड रूपैयाँ र लेखापरीक्षण बक्यौता आठ अर्ब ७१ करोड रूपैयाँ रहेको छ ।

प्रदेश सरकारतर्फ लेखापरीक्षण अंकको तुलनामा १.३६ प्रतिशत बेरूजु कायम भएकामा सबैभन्दा बढी मधेस प्रदेशको २.५७ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशको ०.८२ प्रतिशत रहेको छ। स्थानीय तहतर्फ लेखापरीक्षण अंकको तुलनामा २.२६ प्रतिशत बेरूजु कायम भएको छ । यो वर्षको लेखापरीक्षणबाट पाँच प्रतिशतभन्दा कम बेरूजु हुने स्थानीय तह ६९२ वटा रहेका छन् । त्यस्तै, पाँचदेखि १५ प्रतिशतसम्म बेरूजु हुने ६८ र १५ प्रतिशतभन्दा बढी बेरूजु हुने एक स्थानीय तह रहेको छ ।

त्यस्तै, यो वर्ष तीन हजार ९३ संघीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकामा एक हजार १०५ कार्यालय अर्थात् ३५.७३ प्रतिशतमा उल्लेख्य बेरूजु नदेखिएको प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी प्रदेश सरकारी कार्यालयतर्फ एक हजार १६५ निकायको लेखापरीक्षण गरेकोमा ३३३ कार्यालय अर्थात् २८.५८ प्रतिशतमा उल्लेख्य बेरूजु देखिएन। संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट १४ अर्ब ४८ करोड ४१ लाख रूपैयाँ असुल गराएको पनि महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

■■■

# बेरुजुको अखडा....

यस्तै, २० अर्ब ७९ करोड ६३ लाख रूपैयाँ नियमित गर्नुपर्ने र १० लाख रूपैयाँ पेस्की बाँकी रहेको प्रतिवेदनमा उल्लेख छ । दोस्रो धेरै बेरुजु हुनेमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय रहेको छ। उक्त मन्त्रालयअन्तर्गत छ अर्ब ४३ करोड ६४ लाख रूपैयाँ बेरुजु कायम भएको छ। यो कूल बेरुजुको ५.५७ प्रतिशत हो। बेरुजु रकममध्ये दुई अर्ब ३० करोड ७२ लाख रूपैयाँ असुल गर्नुपर्ने, तीन अर्ब १३ करोड ११ लाख रूपैयाँ नियमित गर्नुपर्ने र ९९ करोड ८१ लाख रूपैयाँ पेस्की बाँकी रहेको प्रतिवेदनमा औंल्याइएको छ ।

रक्षा मन्त्रालय एक अर्ब ६७ करोड १४ लाख रूपैयाँ बेरुजु कायम भएको छ । यसैगरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा एक अर्ब ५० करोड ६५ लाख रूपैयाँ, परराष्ट्र मन्त्रालयमा एक अर्ब पाँच करोड ३३ लाख, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा ६५ करोड ८० लाख, सहरी विकास मन्त्रालयमा ६२ करोड नौ लाख, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा ५० करोड २३ लाख, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा ३८ करोड ४९ लाख र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा २३ करोड ६० लाख रूपैयाँ बेरुजु देखिएको छ ।

## राजस्व छुटमा अर्थको मनपरि

अर्थ मन्त्रालयले विभिन्न शीर्षकमा दिँदै आएको राजस्व छुटमा महालेखाले प्रश्न उठाएको छ । 'भन्सार विभागको तथ्यांक प्रणाली (आसिकुडा) को तथ्यांकअनुसार २०८०/८१ मा भन्सार राजस्वतर्फ ७९ अर्ब ८७ करोड ३९ लाख रूपैयाँ छुट दिएको देखिन्छ। आर्थिक ऐनबाट आन्तरिक राजस्वतर्फसमेत छुट दिएकामा सोको अभिलेख मन्त्रालय र आन्तरिक राजस्व विभागले राखेका छैनन्,' प्रतिवेदनमा भनिएको छ । साफ्टा सुविधाअन्तर्गत मालवस्तु पैठारी गर्दा भन्सार महसुल चार अर्ब ८७ करोड ९९ लाख रूपैयाँ र मूल्य अभिवृद्धि करसमेत छुट भएको देखिएको महालेखाले उल्लेख गरेको छ ।

'अर्थ मन्त्रालयले २०८० फागुन मसान्तसम्म विभिन्न मन्त्रालय, विभाग, स्थानीय तह, संस्थानसमेतको ३४ अर्ब २७ करोड ५२ लाख रूपैयाँ पैठारी मूल्यमा छ अर्ब ६० करोड ९९ लाख रूपैयाँसमेत विगत चार वर्षमा २० अर्ब ६२ करोड ६९ लाख रूपैयाँ राजस्व छुट दिएको छ। वैदेशिक ऋण वा अनुदानमा सञ्चालित आयोजनाका लागि आयोजना विकास सम्झौताको सर्तको अधीनमा रही ४३ अर्ब ५६ करोड ४८ लाख ३० हजार रूपैयाँ पैठारी मूल्यका मालवस्तुमा सात अर्ब ५२ करोड ९८ लाख ८५ हजार रूपैयाँ राजस्व छुट दिएको देखिन्छ,' महालेखाको प्रतिवेदनमा भनिएको छ, 'यसरी सुविधामा पैठारी हुने सामग्री तथा उपकरणमा लाग्ने राजस्व छुट दिएको वस्तु तथा रकमको अद्यावधिक अभिलेख अर्थ मन्त्रालयले राखेको छैन ।'

सम्बन्धित आयोजनाले बोलपत्र आह्वान गर्नुअगावै मास्टर लिस्ट स्वीकृत गराएको अवस्थामा मात्र छुट दिने र सुविधामा पैठारी भएका मालवस्तुको उपयोग सोही आयोजनामा भए/नभएको अनुगमनसमेत हुनुपर्ने व्यवस्था मिलाउन महालेखाले सुझाव दिएको छ ।

■■■

# सत्यनिरूपण...

दुवै आयोगका पदाधिकारीहरूले राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारी सरहको तलब भत्ता सुविधा पाउने मन्त्री गुरुङले जानकारी दिए ।

सर्वोच्च अदालतका पूर्वन्यायाधीश ओमप्रकाश मिश्र नेतृत्वको सिफारिस समितिले सरकारलाई पदाधिकारी सिफारिस गरेको थियो । समितिमा पूर्वमहान्यायाधिवक्ता खम्मबहादुर खाती, अधिकारकर्मी एवं पूर्वराजदूत डा. अर्जुनकुमार कार्की, लिली थापा र अधिकारकर्मी स्टेला तामाङ छन् । दुवै आयोगका पदाधिकारी तथा सदस्यका लागि १११ जनाको आवेदन परेको थियो। उक्त आवेदनबाट समितिले सरकारलाई संक्षिप्त सूची बुझाएको थियो । सोही सूचीमा परेकामध्येबाटै सरकारले पदाधिकारी तथा सदस्यहरू नियुक्त गरेको छ ।

यी दुई आयोग गठन नहुँदा शान्ति प्रक्रियालाई टुंगोमा पुर्‍याउने काम अलपत्र बनेको थियो । द्वन्द्वपीडितहरू लामो समयदेखि आयोग गठनको प्रतीक्षामा छन् । आयोगमा दलीय भागबण्डामा पदाधिकारी नियुक्त नगर्न उनीहरूले सरकार र प्रमुख राजनीतिक दलहरूलाई दबाब दिँदै आएका थिए ।

बुधबारको मन्त्रिपरिषद्ले नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्तिका लागि सिफारिस गर्न गठित समिति पुनर्गठन गरेकोसमेत मन्त्री गुरुङले जानकारी दिए । पुनर्गठित समितिको संयोजकमा उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेल, सदस्यमा पूर्वगभर्नर महाप्रसाद अधिकारी र अर्थविद् डा. पोषराज पाण्डे छन् ।

■■■

# सिण्डिकेटविरुद्ध...

कार्यक्रममा आफ्नो मन्तव्य राख्ने क्रममा व्यवसायीहरूले सिण्डिकेट ल्याउन खोज्नेलाई भौतिक कारबाही गर्नसमेत पछि नपर्ने बताएका थिए । कार्यक्रममा संघका निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारी, संघका पूर्वअध्यक्ष दानबहादुर तामाङ, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसीलगायत संघका पदाधिकारी र व्यवसायीहरूको उपस्थिति थियो । उपस्थित व्यवसायीहरूले सिण्डिकेटविरुद्ध ऐक्यबद्धता जनाउँदै प्रतिबद्धतापत्रसमेत बुझाएका थिए ।

## व्यवसायीको सुझाव

संघले कार्यक्रममा उपस्थित व्यवसायीहरूबाट सिण्डिकेटविरुद्ध कसरी जाने भनेर सुझाव संकलन गरेको थियो । नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका कार्यवाहक महासचिव तुलसी पुरीले सिण्डिकेट लगाएर ल्याएको मागपत्र प्रमाणीकरण गरे मन्त्रालयदेखि विभागसम्म घेराउ गर्न सबै व्यवसायीहरू जानुपर्ने बताएका थिए । त्यस्तै संघका पूर्वप्रथम उपाध्यक्ष डिकबहादुर खत्रीले अन्तर्राष्ट्रिय श्रम संगठनलगायतका संस्थाका पदाधिकारीसँग यस विषयमा अन्तर्क्रिया गर्दा अझ प्रभावकारी हुने सुझाव दिएका थिए । गन्तव्य मुलुकसँग छलफल गरेर एमओयूमा पनि खबरदारी गर्नुपर्ने उनको भनाइ छ ।

'क्युबिसी, गाम्कालगायत सबै सिण्डिकेटकै स्वरूप भएकाले यसबाट पाठ सिक्नुपर्छ । श्रम मन्त्रालय गएर मात्र पनि हुँदैन । परराष्ट्र मन्त्रालयसम्म गएर एकाधिकार स्वीकार्य हुँदैन भन्ने जानकारी गराउनुपर्छ,' लक्की एचआर सोलुसनका ऋषि शर्माले भने । उपस्थित व्यवसायीले सिण्डिकेट ल्याए सरकारले त्यस्ता मुलुकमा कामदार नपठाउने प्रतिबद्धता व्यक्त गरेमात्र ढुक्क हुने स्थिति बन्ने बताएका थिए । नयाँ व्यवसायीलाई यस्ता किसिमका हल्लाले हतोत्साही बनाएकाले गैरकानुनी अभ्यास गर्न खोज्नेहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्ने माग व्यवसायीहरूको छ ।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०३/२८ मा दर्ता भएको **प्रा.लि. नं. ४६७९३/०६३/०६४** को **सत्य शिवम् मनि ट्रान्सफर प्रा. लि.** को मिति २०८२/०१/२५ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## Thai Master Chef

**Dusit Princess Kathmandu**, owned by **Hotel Lhasa International Pvt. Ltd.** and managed by Dusit International, Thailand is committed to delivering exceptional moments whether you're staying with us or working with us. Join our dynamic team and discover enriching opportunities and a world of possibilities.

**Position:** Thai Master Chef
**Required number:** 1
**Job Description:**
- Leading and managing all aspects of our Thai kitchen, including menu planning, food preparation, ensuring food quality and consistency.
- Managing kitchen staff, and maintaining cost control for food, equipment, labor, and waste.

**Required Experience and Qualifications:**
- At least 3 years of Master Sous Chef experience in a 5-star hotel
- Have a strong working knowledge in Thai cuisine
- Proven track record of cost control including food, equipment, labor and waste to meet the food quality goals and the hotel's financial goals.
- Demonstrates real passion for menu planning and leadership, dedicated, creative, and determined to succeed

**Selection Method:**
- Shortlisting of candidates based on their resume and experience.
- Further selection process may include interviews and practical cooking assessments.

Interested and qualified candidates may send an updated resume with a passport sized photograph to Human Resources Department at shurakshya.shrestha@dusit.com or at hr.dpkn@dusit.com latest by 20th May 2025.
***Preference to be given to Nepalese citizen. Female candidates are encouraged to apply.***

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित गरिएको सूचना २०८२/०२/०१

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं. ३३७७८९/८०/८१, को साविक **एस.होटल प्रा. लि.** कम्पनीको नाम परिवर्तन भई अवउप्रान्त **सिद्धार्थ होटल्स एण्ड रिसोर्ट्स प्रा. लि.** कायम हुने गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति : २०८२/०१/१७ गते समेत स्वीकृती प्राप्त भईसकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सिद्धार्थ होटल्स एण्ड रिसोर्ट्स प्रा. लि.**
का.म.न.पा. ३२, कोटेश्वर, काठमाडौं, नेपाल


**नेपाल सरकार**
**भुमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय**
**सर्लाही, मलंगवा, मोही फाँट**

## हकदावी गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०२/०१**

गा.वि.स. हजारीया वार्ड नं.०-३ हाल बरहथवा न.पा. वार्ड नं-०१ मा बस्ने **बासुनाथ उपाध्याय** नाउँको हकदावी गर्न आउने वारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि. सर्लाही बरहथवा न.पा. वार्ड नं.-०१ मा वस्ने **सरयुग सहनी र सरूप सहनी**को नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गाको मोही महलमा जि. सर्लाही साविक गा.वि.स. हजारीया वार्ड नं.-०३ हाल बरहथवा न.पा. वार्ड नं.-०१ मा बस्ने **बासुनाथ उपाध्याय**को नाम उल्लेख रहेकोमा जग्गा धनीको भगुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा कार्यालयबाट मिति २०८२/०१/७ गतेमा भएको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम भगुवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्धारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

**तपसिलः-**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | ज.वि. | ज. ध. | मोही |
|---|---|---|---|---|---|---|
| सर्लाही | हजरीया | ३ख | ७११ | ०-१-० | सरयुग सहनी | बासुनाथ उपाध्याय |
| सर्लाही | हजरीया | ३ख | ६७० | ०-१-० | सरयुग सहनी | |
| सर्लाही | हजरीया | ३ख | ४४६ | ०-२-१६ | सरुप सहनी | |


## मलेसियामा रोजगार

कम्पनी : Amanats Security Sdn Bhd
पूर्व स्वीकृति मिति : २०८२/०१/३१ LT. No. 323221 चलानी नं. ६०२३७७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 10 | 0 | 1700 | ५३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ८ गते (22nd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No- 1428/074/075
AAROHAN HUMAN RESOURCE PRIVATE LIMITED
Sinamangal-09, Kathmandu (Nepal), T: 01-4565606
E:-arohanhumanresource@gmail.com, Web: www.aarohanhumanresource.com

## साउदीमा रोजगार

कम्पनी : ABDULAZIZ LUAIBI KHALAF AL-DHAFIRI FOUNDATION FOR MAINTENANCE
पूर्व स्वीकृति मिति : २०८२/०१/३१ LT. No. 323755 चलानी नं. ६०२३७६९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pick Up Driver | 2 | 0 | 2000 | ४४,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | TRADE WORKER | 2 | 0 | 1500 | ५६,२०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ८ गते (22th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं ९५७/०६७/०६८
All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

## साउदीमा रोजगार

कम्पनी : Innovative lunch restaurant for serving meals.
पूर्व स्वीकृति मिति : २०८१/१०/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/३१ LT. No. 318302 चलानी नं.६०२३२८८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 4 | 0 | 1000 | ३६,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Next Level Business Limited, One Person Company.
पूर्व स्वीकृति मिति : २०८२/०१/३० LT. No. 322478 चलानी नं.६०२३७७२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 1 | 0 | 1800 | ६५,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manufacturing Worker | 3 | 0 | 1000 | ३६,६७५ | | | | | | | |
| 3 | Metal Extrusion Machine Operator | 1 | 0 | 2200 | ८०,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ८ गते (22nd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


HALESI OVERSEAS PVT LTD
Govt. License No. 1161/073/74
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**बिहीबार, ०१ जेठ, २०८२**

| | |
|---|---|
| **मेष** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **वृष** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **मिथुन** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **कर्कट** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **सिंह** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **कन्या** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **तुला** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृश्चिक** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **धनु** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मकर** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **कुम्भ** | रोकिएका काम सम्पादन हुनेछ । |
| **मीन** | सुखद समाचारले उत्साह जगाउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०१ जेठ, २०८२ (१५, मे २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.२४ | १३६.८४ |
| युरो | १ को | १५१.३६ | १५२.०२ |
| पाउन्ड स्टिर्लङ | १ को | १७९.९५ | १८०.७४ |
| स्विस फ्रैन्क | १ को | १६१.८६ | १६२.५८ |
| अस्ट्रेलियन डलर | १ को | ८७.३६ | ८७.७४ |
| क्यानाडियन डलर | १ को | ९७.३९ | ९७.८२ |
| सिङ्गापुर डलर | १ को | १०४.४३ | १०४.८९ |
| जापानी येन | १० को | ९.२० | ९.२४ |
| चिनियाँ युआन | १ को | १८.९२ | १९.०० |
| साउदी अरब रियाल | १ को | ३६.३२ | ३६.४८ |
| कतारी रियाल | १ को | ३७.३८ | ३७.५४ |
| थाई भाट | १ को | ४.१० | ४.१२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.०९ | ३७.२६ |
| मलेसियन रिङ्गेट | १ को | ३१.५२ | ३१.६६ |
| दक्षिण कोरियन वन | १०० को | ९.५७ | ९.६२ |
| स्विडिस क्रोनर | १ को | १३.९८ | १४.०५ |
| डेनिस क्रोनर | १ को | २०.२९ | २०.३८ |
| हङकङ डलर | १ को | १७.४८ | १७.५६ |
| कुवेती दिनार | १ को | ४४२.९७ | ४४४.९२ |
| बहराइन दिनार | १ को | ३६१.४० | ३६२.९९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# श्रेष्ठ नेतृत्वको एनआरएनएलाई ओलीले नमान्ने, पराजितहरूको समूह भएको आरोप

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले एकता सम्मेलनबाट महेश श्रेष्ठ नेतृत्वमा निर्वाचित गैरआवासीय नेपाली संघ (एनआरएनए)लाई पराजितहरूको समूह भएको बताएका छन् । आइतबार बद्री केसी नेतृत्वको एनआरएनएले आयोजना गरेको एनआरएनए ग्लोबल कन्क्लेभ-२०२५ मा पुगेका ओलीले यस्तो बताएका हुन् ।

'उहाँहरूले गल्तीले त्यसलाई सम्मेलन भन्नुभयो । निर्वाचित अध्यक्ष हुँदाहुँदै पराजित भएकाहरूको भेलाले यो चाहिँ आधिकारिक भने । यो शोभनीय हुन सक्दैन,' ओलीले भने, 'कात्तिक ४ गतेसम्म यसको समय कायम छ । यो कार्यसमिति नै निरन्तरता देखिन्छ । हारेका १७ जनाले अर्को संगठन बनायौं भन्न मिल्छ ?'

जापानका एनआरएनए नेता श्रेष्ठ वैशाख २१ गते भएको एकता सम्मेलनबाट अध्यक्ष बनेका हुन् । ओलीले उक्त सम्मेलनलाई सम्मेलन नै भन्न नमिल्ने तर्कसमेत गरे । शेष घलेको नेतृत्वमा भएको 'एकता सम्मेलन' आयोजना गरेको परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा पुगेकी थिइन् । सम्मेलनमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल पनि पुगेका थिए । निम्तो पाएका ओलीले आफू नजानुका कारण खुलाउँदै भने, 'म पनि समापन समारोहमा जान लागेको थिएँ । त्यहाँ त रणमैदान हुन लागेको छ । हानाहान, ठोकाठोक । विदेशमा गएर के सिके नेपालीले ? भन्ने भयो ।'

आइतबारको कन्क्लेभमा परराष्ट्रमन्त्री देउवालाई पनि निम्तो थियो । तर देउवाले आफू सगरमाथा संवादमा व्यस्त रहेको भन्दै उपस्थित भइनन् । ओलीले एकता सम्मेलन कात्तिकमा हुनेसमेत बताए । 'विधि पुऱ्याएर सम्मेलन गर्नुस् । अधिवेशन हुनुअघि आइसिसीको निर्वाचन हुनुपर्ला । अक्टोबर ११ समय छ,' ओलीले भने, 'यो एकताको सम्मेलन गर्ने समय नै हैन । दसैंमा त सबै घर आउँछन् । हल भर्न त नेपालकै मान्छे जम्मा गरे भइहाल्छ नि । नत्र प्रतिनिधिले भर्नुपर्छ । नभए स्वेच्छाचारिता हुन्छ ।'

एकता सम्मेलनपछि दुई टुक्रा भएको एनआरएनए कुनै पनि हालतमा नफुट्ने दाबी ओलीले गरे । ओलीले संकीर्ण भावना लिए घरघरमै बस्दा ठीक हुनेसमेत सुझाए । 'विभाजनको प्रयास सफल हुन्न । यो कुनै पोलिटिकल पार्टीको संस्था हैन,' ओलीले भने, 'संकीर्ण भावना लिने हो भने घरघरमा बसे हुन्छ । यस्तो भावनाले त एक ठाउँमा बस्नै सकिँदैन ।'

विदेशी लगानी भित्र्याउने र नेपालको विदेश सम्बन्ध उच्चस्तरीय बनाउने उद्देश्यसहित स्थापना भएको एनआरएनए अहिले यसरी नै दलको राजनीति गर्ने थलो बनेको छ । आफूलाई व्यावसायिक लगानीकर्ता भने पनि नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रको गोटी बन्दै आएका एनआरएनए अभियन्ताहरू एकता सम्मेलनका लागि हायात होटलमा जुटेका थिए ।

चर्को विवाद कायमै रहेको समयमा तत्कालका लागि सार्न भनिएकोमा परराष्ट्रमन्त्री देउवाको उपस्थितिमा जापान निवासी व्यवसायी श्रेष्ठलाई अध्यक्ष बनाएका थिए । ११औं महाधिवेशनमा पराजित आरके शर्माको पनि अध्यक्षमा चाहना भए पनि अन्तिममा उनले श्रेष्ठलाई अध्यक्षको रूपमा स्वीकारेपछि परराष्ट्रमन्त्री देउवा महाधिवेशनस्थल पुगेकी थिइन् ।

यसअघि फुटबाट जोगाउन भन्दै १०औं महाधिवशेनमा तीन जना अध्यक्ष बनेका थिए । जसमा डा. बद्री केसी, कुल आचार्य र रविना थापा पालैपालो अध्यक्ष बने । सर्वोच्चले यो समिति नै अवैधानिक भनेर घोषणा गरिदियो जतिबेला डा. केसीको नेतृत्वमा नयाँ कार्यसमिति आइसकेको थियो ।

उक्त महाधिवेशन बदर भएसँगै शेष घले नेतृत्वको एनआरएनए ब्युँतिएको थियो । २०७८ पछि एनआरएनले २०८० कात्तिकमा होटल सोल्टीमा ११औं महाधिवेशन गरेको थियो । निर्वाचनमा केसी एक हजार ३७८ मत ल्याएर विजयी भएको घोषणा गरिएको थियो । यस्तै शर्माले एक हजार २८१ र श्रेष्ठले एक हजार २२५ मत प्राप्त गरेका निर्वाचन समितिले घोषणा गरेको थियो ।

मत परिणाम घोषणासँगै शर्मा र श्रेष्ठले निर्वाचन बहिष्कार गर्दै शर्माले अर्कै समिति बनाए । त्यतिबेला अहिले भएको एकता महाधिवेशनबाट निर्वाचित श्रेष्ठ पनि असन्तुष्ट थिए । शर्मा नेतृत्वको एनआरएनएले श्रेष्ठलाई सल्लाहकार बनाएको थियो ।

घले नेतृत्वको उच्चस्तरीय समितिमा उनीसहित उपेन्द्र महतो, जीवा लामिछाने, देवमान हिराचन, भवन भट्ट, रामप्रताप थापा, कुमार पन्त, विनोद कुँवर, उमेशकुमार पुडासैनी, जानकी गुरूङ, कुल आचार्य, बद्री केसी र रविना थापा थिए । संस्थापक अध्यक्ष महतोले विज्ञप्ति जारी गर्दै मे महिनामा एकता महाधिवेशन भए आफू सहभागी नहुने बताएका थिए । यसैगरी पूर्वअध्यक्षहरू लामिछाने, भट्ट, पन्त, संस्थापक थापा र केसी महतो पक्षमा देखिँदै आएका छन् ।

## सच्याइएको सूचना

मिति २०८२/१/३१ गते डिभिजन वन कार्यालय रौतहटको सूचनामा **मधेश प्रदेश वन तथा वातावरण मन्त्रालय प्रदेश वन निर्देशनालय डिभिजन वन कार्यालय रौतहट** हुनुपर्नेमा प्राविधिक कारणले अन्यथा हुन पुगेकाले सच्याइएको छ ।

# गुल्मीको सत्यवतीमा कृषि एम्बुलेन्स सञ्चालन

**गुल्मी–** गुल्मीको सत्यवती गाउँपालिकाले कृषि एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको छ । कृषकहरूले उत्पादन गरेका कृषिउपजलाई सहजरूपमा आन्तरिक एवं बाह्य बजारसम्म निर्यात गर्न सहयोग पुऱ्याउने उद्देश्यले पालिकाले कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको हो ।

गाउँपालिका अध्यक्ष टीकाराम पाण्डेले गाउँपालिका र संघीय सरकारको लागत साझेदारीमा ३४ लाख ७० हजार मूल्यमा कृषि एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याइएको जानकारी दिए । यहाँ उत्पादित कृषिउपज समयमा बजारसम्म पुऱ्याउन नसक्दा किसानहरूले ठूलो आर्थिक समस्या भोग्दै आएका छन् ।

उक्त एम्बुलेन्स पालिकाले सहकारीलाई सञ्चालनका लागि जिम्मा दिएको जनाइएको छ । सहकारीले किसानद्वारा उत्पादित तरकारी खरिद गर्ने र बजारसम्म पुऱ्याउने जनाएको छ । यसरी खरिद गरी बिक्री गरेपछि किसानको खातामा रकम जम्मा गरिदिने व्यवस्था मिलाइएको अध्यक्ष पाण्डेले जानकारी दिए ।

कृषि एम्बुलेन्स सञ्चालन भएसँगै किसानहरूले उत्पादित सामग्री सहजरूपमा बजारसम्म पुऱ्याउन सजिलो हुने भएको छ । यसले कृषकलाई प्रोत्साहन गर्नुका साथै उत्पादनमासमेत वृद्धि हुने अपेक्षा गरिएको गाउँपालिका उपाध्यक्ष निरमाया तरामुले बताइन् । उत्पादित कृषिउपज सोझै कृषकबाट उपभोक्तासम्म पुग्ने र कृषकले पनि उचित मूल्य पाउने भएपछि उत्साहित भएका उनले उल्लेख गरिन् ।

कृषि एम्बुलेन्स सञ्चालन गर्नका लागि पालिकास्तरीय थाप्ले सत्यवती कृषि बजार समिति र प्रत्येक वडामा उपसमिति गठन गरिएको छ । साथै प्रत्येक वडाको टोलटोलमा संकलन केन्द्र राखिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद भुसालले बताए । यसरी संकलन गरिएका तरकारी कृषिउपज बिक्री केन्द्र बुटवलमा लैजाने व्यवस्था मिलाइएको उनले जानकारी दिए ।

गाउँपालिकाले कृषिउपज बिक्रीका लागि बुटवलमा २८ नम्बर सटर भाडामा लिएको छ । कृषिउपज बिक्री केन्द्र बुटवलले सहकारीलाई सहुलियत दरमा सटर उपलब्ध गराउँदै आएको छ । गत वर्ष उक्त सटरबाट १०० टन तरकारी बिक्री भएको थियो । पालिकामा व्यावसायिकरूपमा सागसब्जी खेती गर्ने कृषकहरू बढेकाले यस पटक २०० टन तरकारी बिक्री गर्ने लक्ष्य राखिएको पालिकाका अध्यक्ष पाण्डेले बताए । पालिकाले उत्पादनको आधारमा कृषकलाई अनुदान उपलब्ध गराउँदै आएको छ । *रासस*


**युएइमा रोजगार** | कम्पनी : LEGACIOUS FACILITIES MANAGEMENT SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०१/३१ | LT. No. 323807 | चलानी नं. ६०२३७७७६२

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 200 | 0 | 900 | ३३,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ८ गते (22nd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASIA LINK Services Pvt. Ltd. श्रम इजाजत नं ११९/०५५/०५६

**ASIA LINK SERVICES PVT. LTD.**
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



**युएइमा रोजगार** | कम्पनी : ALKANZ JEWELLERY LLC

पूर्व स्वीकृति मिति : २०८०/११/१८ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०१/३१ | LT. No. 300957 | चलानी नं. ६०२१५८२३

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Jeweller | 5 | 0 | 1500 | ५५,७५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sales Officer | 4 | 3 | 1500 | ५५,७५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ ८ गते (22nd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 083/053/054

**Mobhira Overseas Service Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com


**नेपाल सरकार**
**भुमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
## भुमि सुधार तथा मालपोत कार्यालय
**सर्लाही, मलंगवा, मोही फाँट**

## हकदावी गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०२/०१**

जि. सर्लाही साविक गा.वि.स. भेल्ही वार्ड नं. ३ हाल ब्रह्मपुरी गा.पा. वार्ड नं.-०३ मा बस्ने **पचिया कोइरीन** नाउँको हकदावी गर्न आउने वारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि. सर्लाही साविक गा.वि.स. भेल्ही वार्ड नं.-०३ हाल ब्रह्मपुरी गा.पा. वार्ड नं.-०३ मा बस्ने **सियानन्दन महतो कोइरी**को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. भेल्ही वार्ड नं. ७क कि.नं. ४२८ को क्षेत्रफल ०-३-० जग्गाको मोही महलमा जि. सर्लाही साविक गा.वि.स. भेल्ही वार्ड नं०-३ हाल ब्रह्मपुरी गा.पा. वार्ड नं.-०३ मा बस्ने **पचिया कोइरीन**को नाम उल्लेख रहेकोमा जग्गा धनीको मरूवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा कार्यालयबाट भएको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सुचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले वाटोको म्याद बाहेक ३५ दिनभित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मरूवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

## Invitation for Bids

### Sunkoshi Rural Municipality
### Office of Rural Municipal Executive, Okhaldhunga
**Invitation for Bids for the 11/NCB/TBCWORKS/SRM/081/082**
**Date of Notice publication: 15th May 2025 (2082/02/01)**

1. Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive invites Electronic bids from eligible bidders for the **Thulipokhari Chanchaladevi Mandir Nirman Yojana** under National Competitive Bidding procedures. The estimated amount for the works is **NRs. 6,861,215.45 ( In words:- Rupees Sixty Eight Lakh Sixty One Thousand Two Hundred Fifteen And Fourty Five Paise Only) Exclusive of VAT, Contingency & PS.**
2. Eligible Bidders may obtain further information at Office of **Sunkoshi Rural Municipality, Office of Rural Municipal, Mulkharka, Okhaldhunga,** or may visit PPMO website www.bolpatra.gov.np/egp
3. Bidder submit their bid electronically may purchase, download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost NRs 3,000/- till 2082/03/01 (15th Jun 2025) during valid hours of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher/Online deposit slip shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Machhapuchchhre Bank Limited
   Name of Office : Sunkoshi Rural Municipality
   Name of account : SUN GA.PA. AANTARIK RAJASWO GA-1.1
   Rajaswa (Internal revenue) Shirshak Account no. : 0950073610000031
   Rajaswa (Internal revenue) Shirshak no. : 14229 Office Code no.: 801011008
4. Pre-bid meeting shall be held at **Sunkoshi Rural Municipality Office, Okhaldhunga at 7:00 AM on 5th Jun 2025 (2082/02/22).**
5. Electronic bids must be submitted to the office **Sunkoshi Rural Municipality Office, Okhaldhunga** through PPMO website www.bolpatra.gov.np/egpon or before **15:00 Noon** on **15th Jun 2025 (2082/03/01)**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **16:00 pm** on **15th Jun 2025 (2082/03/01)** at the **Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive, Okhaldhunga**. Bids must be valid for a period of **90 (Ninety)** days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs. 1,83,000/-** which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank:
   Name of the Bank: Machhapuchchhre Bank, Mulkharka Okhaldhunga
   Name of Office : Sunkoshi Rural Municipality
   Account Name : SUNKOSHI GA.PA. DHARAUTI GA-3
   Dharauti Khata no. : 0950073610000045 Office Code no. : 801011008
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Details of works**

| S. N | Contract Id No. | Description of Works | Estimated Amount (without VAT Contingency & PS) | Bid Security Amount NRs. | Bid Fee Amount NRs | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 11/NCB/TBCWORKS/SRM/081/082 | Thulipokhari Chanchaladevi Mandir Nirman Yojana | 6,861,215.45 | 183000 | 3000.00 | |

8. The Employer reserves the right to accept or reject, wholly or partly. The employer reserves the right to accept or reject, wholly or party any reason, whatever.

**Chief Administrative Office**

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना १ गते विहीबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तंगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : नागढुङ्गा शाखा** — **कर्जा शीर्षक : व्यापारिक आवाधिक कर्जा**

**ऋणीको विवरण**

नम : **जेन मोबाइल एण्ड इलेक्ट्रोनिक्स** प्रोपाइटरको नाम : जमिउल्ला मिँया
प्रा.फ.र.नं. : २५८६१/०७८/०७९ दर्ता मिति : २०७८/१२/२१
दर्ता गर्ने कार्यालय : आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
फर्मको ठेगान : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १३

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) रफिउल्ला मिँयाको नाति समिउल्ला मिँयाको छोरा कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १३ बस्ने **जमिउल्ला मिँया** (ना.प्र.नं. : १०२४३१ जारी मिति र जिल्ला : २०५७/०१/२१, कास्की)

२) समिउल्ला मिँयाको बुहारी जमिउल्ला मिँयाको पत्नी कास्की जिल्ला पोखरा वडा नं. १३ हाल, पोखरा म.न.पा. वडा नं. १३ बस्ने **मजिदा खातुन** (ना.प्र.नं. : ४६१००१/१३८२५, जारी मिति र जिल्ला : २०६७/१०/०२, कास्की)

३) रफिउल्ला मिँयाको बुहारी समिउल्ला मिँयाको पत्नी कास्की जिल्ला पोखरा वडा नं. १३ हाल, पोखरा म.न.पा. वडा नं. १३ बस्ने **तसलिमा मिँयानी** (ना.प्र.नं. : ३४, जारी मिति र जिल्ला : २०४६/०२/३१, कास्की)

४) सनउल्ला मिँयाको नाति रफिउल्ला मिँयाको छोरा कास्की जिल्ला पोखरा वडा नं. १३ हाल, पोखरा म.न.पा. वडा नं. १३ बस्ने **समिउल्ला मिँया** (ना.प्र.नं. : १०७३९१, जारी मिति र जिल्ला : २०५७/०४/११, कास्की)

**२) शाखा कार्यालय : बुटवल शाखा** — **कर्जा शीर्षक : लघुउद्यम कर्जा**

**ऋणीको विवरण**

खुम बहादुर कार्कीको बुहारी कृष्ण बहादुर कार्कीको पत्नी रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ६ हाल, वडा नं. ४ बस्ने **निर्मला कार्की** (ना.प्र.नं.३७२०२४/७९७२४, जारी मिति र जिल्ला : २०६९/११/०१, रुपन्देही)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) भिम बहादुर कार्कीको नाति खुम बहादुर कार्कीको छोरा पाल्पा जिल्ला तानसेन न.पा.वडा नं. ७ हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ४ बस्ने **कृष्ण बहादुर कार्की** (ना.प्र.नं. : ३९-०१-७२-०१३९६, जारी मिति र जिल्ला : २०७२/०२/१८, पाल्पा)

२) जग बिर खत्री क्षेत्रीको नाति लाल बहादुर खत्री क्षेत्रीको छोरा पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. १ हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ४ बस्ने **वृष बहादुर के.सी.खत्री** क्षेत्री (ना.प्र.नं. : ३९१०६६/४० जारी मिति र जिल्ला : २०६४/०१/१३, पाल्पा)

**३) शाखा कार्यालय : चौराहा चोक शाखा** — **कर्जा शीर्षक : व्यवसायिक अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **सर्दी आयल एण्ड सप्लायर्स प्रा.लि.** प्रोप्राइटरको नाम : प्रकाश के.सी. दर्ता नं. : २०६८७३/०७५/०७६
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता मिति : २०७५/१०/०४
रजिष्टर्ड ठेगाना : नवलपरासी जिल्ला विनयी त्रिवेणी गा.पा. वडा नं. ४ स्थायी लेखा नं. : ६०६५७७५४०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) भिम बहादुर खत्रीको नाति बसन्त बहदुर खत्रीको छोरा अर्घाखांची जिल्ला नरपानी वडा नं. ५ हाल, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. २ बस्ने **प्रकाश के.सी.** (ना.प्र.नं.: ४०१०२६/४७४, जारी मिति र जिल्ला : २०६६/०६/१८, अर्घाखांची)

२) पुर्ण बहादुर रिजालको छोरी बसन्त बहादुर खत्रीको बुहारी प्रकाश के.सी.को पत्नी अर्घाखांची जिल्ला सन्धिखर्क न.पा. वडा नं. ४. हाल, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. २ बस्ने **रन्जिता रिजाल** (ना.प्र.नं.: ४०-०१-७१-०४३५५, जारी मिति र जिल्ला : २०७१/१०/२०, अर्घाखांची)

३) लाल बहादुर जि.सी.को नाति केशवराज जि.सी.को छोरा गुल्मी जिल्ला धुकोंट रजस्थल वडा नं. ६ हाल, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. २ बस्ने **रवि जि.सी.** (ना.प्र.नं.: ४११०६७/९४६६१, जारी मिति र जिल्ला : २०६७/११/२९, गुल्मी)

**४) शाखा कार्यालय : चौराहा चोक शाखा** — **कर्जा शीर्षक : हायर पर्चेज कर्जा**

**ऋणीको विवरण**

नाम : **सर्दी आयल एण्ड सप्लायर्स प्रा.लि.** प्रोप्राइटरको नाम : प्रकाश के.सी. दर्ता नं. : २०६८७३/०७५/०७६
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता मिति : २०७५/१०/०४
रजिष्टर्ड ठेगाना : नवलपरासी जिल्ला विनयी त्रिवेणी गा.पा. वडा नं. ४ स्थायी लेखा नं. : ६०६५७७५४०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) भिम बहादुर खत्रीको नाति बसन्त बहदुर खत्रीको छोरा अर्घाखांची जिल्ला नरपानी वडा नं. ५ हाल, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. २ बस्ने **प्रकाश के.सी.** (ना.प्र.नं.: ४०१०२६/४७४, जारी मिति र जिल्ला : २०६६/०६/१८, अर्घाखांची)

२) पुर्ण बहादुर रिजालको छोरी बसन्त बहादुर खत्रीको बुहारी प्रकाश के.सी.को पत्नी अर्घाखांची जिल्ला सन्धिखर्क न.पा. वडा नं. ४. हाल, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. २ बस्ने **रन्जिता रिजाल** (ना.प्र.नं.: ४०-०१-७१-०४३५५, जारी मिति र जिल्ला : २०७१/१०/२०, अर्घाखांची)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## कन्सल्टेन्सीको बदमासी मारमा विद्यार्थी

पछिल्लो वर्षहरूमा मुलुकबाट अध्ययनका लागि बाहिरिने विद्यार्थीको संख्या बढ्दो छ । यसरी विदेसिनेहरूको प्रमुख गन्तव्य युरोप, अमेरिका, जापानलगायत देश बन्दै आएका छन् । दक्षिण कोरियामा पनि नेपालीहरू अध्ययनका लागि जाने गरेका छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको वैदेशिक अध्ययन अनुमतिपत्र (एनओसी) शाखाका अनुसार सन् २०२३/२४ मा छ हजार ८८९ जनाले कोरिया अध्ययनका लागि अनुमति लिएको देखिन्छ ।

दक्षिण कोरिया रोजगारीको आकर्षक गन्तव्य हो, जहाँ नेपाल सरकार आफैंले इपिएस प्रणालीमार्फत कामदार पठाउँदै आएको छ । रोजगारीका लागि जाने एउटै माध्यम इपिएस नै हो । तर, पछिल्लो समय अध्ययनको नाममा गएकाहरूसमेत रोजगारीमा केन्द्रित हुन थालेको पाइएको छ । यही कारण सरकारले कोरियाका लागि एनओसी दिने कार्य स्थगित गरेको छ । शिक्षा मन्त्रालयले मंगलबार सूचना जारी गर्दै हाललाई दक्षिण कोरियाका लागि एनओसी स्थगित गरिएको जानकारी दिएको हो । अध्ययनका लागि जानेहरू काममा बढी केन्द्रित भएको मन्त्रालयको भनाइ छ ।

मन्त्रालयका अनुसार 'डी–टु' र 'डी–फोर' भिसामा अध्ययन गर्न जानेहरू (विशेषगरी ग्र्याजुएट कोर्स अध्ययनमा) सुरुआतदेखि नै रोजगारीलाई बढी प्राथमिकतामा राख्दा अध्ययनमा निरन्तरता नदिने, अध्ययनको समय थोरै दिए पुग्ने विश्वविद्यालयमा भर्ना हुनेजस्ता प्रवृत्तिहरू देखिन थालेकोले एनओसी बन्द गर्नुपरेको हो । पैसा कमाउने कामलाई बढी महत्त्व दिँदा अध्ययनमा समय दिन नसक्ने र काम नपाएको खण्डमा डिप्रेसनजस्ता मानसिक समस्यामा पर्ने गरेको भेटिएको मन्त्रालयले उल्लेख गरेको छ । साथै, नेपाली विद्यार्थीहरूलाई कालो सूचीमा परेका विश्वविद्यालयमासमेत पठाएको पाइएकाले कोरिया अध्ययनको व्यवस्थालाई व्यवस्थित एवं नियमन गर्नुपर्ने देखिएको मन्त्रालयले उल्लेख गरेको छ ।

मन्त्रालयले एनओसी स्थगित गर्दा कोरिया अध्ययनका लागि जाने तयारीमा जानेहरू प्रभावित बनेका छन् । उसो त यसमा विद्यार्थी पठाउने कन्सल्टेन्सीहरूको बद्‌मासी रहेकोसमेत बाहिर आएको छ । अध्ययनसँगै रोजगारीको प्रलोभन देखाउँदै मोटो रकम असुलेर विद्यार्थी पठाउने धन्दा कन्सल्टेन्सीहरूले चलाउँदै आएको कुरा लुकेको छैन । सरकारले एनओसी बन्द गरेकै दिन कन्सल्टेन्सी सञ्चालकहरू शिक्षामन्त्री दबाब दिन मन्त्रालय पुगे । यसले पनि उनीहरूको छटपटी प्रस्ट हुन्छ । दक्षिण कोरियास्थित नेपाली दूतावासले कन्सल्टेन्सीहरूको बदमासी उल्लेख गर्दै गरेको पत्राचारकै आधारमा एनओसी बन्द गरिएको बुझिन्छ ।

यो विषयमा सरकारले छिटोभन्दा छिटो वास्तविकता पत्ता लगाई कारबाही गर्नु आवश्यक छ । रोजगारीको प्रलोभन देखाउँदै कालो सूचीमा रहेका विश्वविद्यालयमा विद्यार्थी पठाउने कन्सल्टेन्सी सञ्चालकहरूलाई कारबाहीको दायरामा ल्याउनैपर्छ । विद्यार्थीबाट लाखौं असुलेर भइरहेको यस्तो गैरकानुनी कार्य बन्द गर्नुपर्छ । तर, अध्ययनकै उद्देश्यले कोरिया जान लागेको विद्यार्थीहरूलाई भने एनओसी खुलाउनुपर्छ । कन्सल्टेन्सीको बदमासीको मार विद्यार्थीलाई नपारियोस् ।

# रेबिज खोप लगाउनुपर्ने समयावधिबारे भ्रम र यथार्थ



■ डा. शेरबहादुर पुन

> धेरैले घाउ ठूलो भए वा बाहिरको कुकुर वा जनावर टोकेमा मात्र रेबिज खोप लगाउनुपर्छ भन्ने धारणा बनाएको देखिन्छ । चोट/घाउ ठूलो भए यसै पनि धेरैजसो आत्तिएर नै रेबिजविरूद्धको खोप लगाउन अस्पताल आउने गरेको पाइन्छ । तसर्थ, चोट/घाउ ठूलो भएकाको मृत्यु रेबिजबाट हुने संख्या पनि केही हदसम्म कम भएको देखिन्छ । तर चोट/घाउ सानो भए रेबिज हुँदैन भनेर खोप नलगाउनाले तुलनात्मकरूपमा मृत्यु विगतमाभन्दा हाल बढ्दै गइरहेको देखिन्छ ।

केही दिन अगाडि एक वयस्क महिला छोरालाई कुकुरले टोकेपछि हस्याङफस्याङ गर्दै अस्पताल आइपुगेकी थिइन् । आफ्नो बच्चालाई कुकुरले टोकेको २४ घण्टा पुग्नै लागिसकेकाले रेबिज खोप तुरुन्त लगाउन उनले अनुरोध गरेकी थिइन् । आत्तिनु स्वाभाविक पनि हो किनभने रेबिज एक प्राणघातक सरुवा रोग हो । नेपालमा बीसौं मानिस यही भाइरसको कारणले मृत्युवरण गर्दै आइरहेको अधिकारिक तथ्यांक पनि छ । हाम्रो समुदायमा रेबिजविरुद्धको खोप कुकुरले टोकेको २४ घण्टाभित्र लगाइसक्नुपर्छ वा जसरी पनि लगाउनुपर्छ भन्ने व्यापक मान्यता रहेको पाइन्छ । त्यसो भए के कुकुर वा कुनै शंकास्पद रेबिज लागेको/बहुला जनावरले टोकेमा २४ घण्टाभित्र नै रेबिज खोप लगाइसक्नुपर्ने हो त ?

कुकुर वा कुनै शंकास्पद बहुला जनावरले टोकेमा खासगरी रेबिज संक्रमणसँग सम्बन्धित चासो लिएर घाइते चिकित्सकको सम्पर्कमा आउने गर्दछन् र स्वास्थ्यकर्मी/चिकित्सकले पनि रेबिजसम्बन्धी परामर्श वा आवश्यक परे रेबिजविरुद्धको खोप दिने गर्दछन् । रेबिज प्राणघातक संक्रामक रोग हो । नेपालमा रेबिज लक्षण देखिएका कोही पनि बाँचेका/स्वस्थ भएको तथ्यांक छैन । लेखकको झण्डै साढे दुई दशकभन्दा बढीको अनुभवमा अधिकांश रेबिजबाट मृत्यु हुनेमा रेबिज संक्रमित कुकुरको टोकाइबाट भएको देखेको छ । जंगली स्याल, बिरालोको टोकाइबाट पनि मृत्यु भएको छ । तर समग्रमा संक्रमित कुकुरको टोकाइबाट रेबिज लागेर वर्षेनी सयौं नेपालीले हाल पनि मृत्युवरण गर्नु परेको वा गर्दै आइरहेको अवस्था देखिन्छ ।

जनावरको टोकाइमा बाँदरको टोकाइ पनि अग्रपंक्तिमा नै देखिन्छ तर टोकेपछि रेबिज प्रमाणित भएको नेपालमा भने देखिँदैन । यद्यपि विदेशमा भने फाट्टफुट्ट बाँदरबाट पनि रेबिज पुष्टि भएको पढ्न/सुन्न पाइन्छ । नेपालमा बाँदरको टोकाइबाट मानिसमा रेबिज सरेको प्रमाणित नभएको भएता पनि अरु के कस्तो स्वास्थ्य समस्या (संक्रमण) देखिन/हुन सक्छ भन्ने बारेमा भने सम्बन्धित निकायले चासो लिनुपर्दछ । सहरमा मन्दिर अनि गाउँघरतिर भए खेतबारी/जंगल जाँदा मानिसलाई बाँदरले टोक्ने गरेको पाइन्छ ।

हाल खोप लगाउने तरिकामा केही परिवर्तन गरिएको छ । तर यो जानकारी सरकारी स्वास्थ्य संस्था वा अस्पतालमाबाहेक अरु ठाउँमा खासै पुगेको भने देखिँदैन । सन् २०१७ को अक्टोबरमा विश्व स्वास्थ्य संगठनका विज्ञको बैठकले सन् २०१० को रेबिजसम्बन्धी निर्देशिकालाई प्रतिस्थापन गर्दै नयाँ निर्देशिका सन् २०१८ मा प्रकाशित गरेको थियो । त्यसलगत्तै नेपालले पनि सन् २०१९ मा रेबिजसम्बन्धी नयाँ निर्देशिका प्रकाशित गरेको थियो ।

नयाँ निर्देशिकामा देखिएको फरक वा परिमार्जित गरिएको विषय भनेको खोप लगाउने तरिका तथा अवधि हो । यसमा विशेषतः छालामुनि र मासु/मांशपेशीका (पाखुराको) गरी दुई प्रकारले खोप दिन सकिन्छ भनिएको छ । यी दुई तरिकाको आधारमा खोपको अवधि पनि एक हप्ता (छालामुनि) र दुई हप्ता (मासुमा दिने) मात्रा पूरा हुनेगरी दिने गरिन्छ । छालामुनि दिने तरिका पहिलोपटक नयाँ निर्देशिकामा समावेश भएर आएको हो । यो तरिकाबाट लगाउँदा खोपको मात्रा कम लाग्ने अनि छिटो अर्थात् मासुमुनि दिने तरिकाभन्दा छोटो अवधिमा सकिने गर्दछ । मासुमुनि दिने तरिका छालामुनि दिने तरिकाभन्दा अवधि लामो भए पनि प्रतिस्थापित निर्देशिकामा भन्दा कम समयमा सकिने छ । प्रतिस्थापित निर्देशिकामा मासुमुनि दिने तरिका मात्र थियो र त्यो २८ दिनसम्म दिनु पर्दथ्यो । विशेष तालिम प्राप्त स्वास्थकर्मी चाहिने भएकाले निजी क्लिनिक वा अस्पतालमा विशेषतः मासुमुनि दिने तरिकालाई निरन्तरता दिएको देखिन्छ । तर निजी क्लिनिक वा अस्पतालमा अहिले पनि मासुमुनि दिने तरिका अपनाउँदा पाँचपटक अर्थात् २८ दिनसम्म लगाउन सुझाएको वा लगाइदिने गरेको देखिन्छ ।

खोप त लगाउने तर कति दिनभित्र लगाउनुपर्ने हो भन्ने चासो अधिकांशमा भएको पाहिन्छ । रेबिज प्राणघातक संक्रामक रोग भएकाले पनि यस्तो चासो स्वाभाविक मान्न सकिन्छ । समुदायमा भने कुकुर वा जनावरले टोकी हालेमा २४ घण्टाभित्र खोप लगाइसक्नुपर्छ भन्ने मान्यताले व्यापकता पाएको देखिन्छ । खोप जतिसक्दो चाँडो लगाउनुपर्दछ तर ढिलो भयो भन्ने पनि हुँदैन । उदाहरणका लागि कसैलाई कुकुर वा कुनै जनावरले टोकेको रहेछ भने जतिसक्दो चाँडो नजिकैको अस्पताल वा स्वास्थ्य चौकीमा गएर खोप लगाइहाल्नु पर्दछ तर कुनै कारणले २४ घण्टापछि खोप लगाउन आएमा पनि खोप लगाउनुपर्दछ । यसो गर्नुको मुख्य कारण रेबिज रोगको 'इन्कुभेशन अवधि' संक्रमित पिच्छे फरक र लामो हुनु हो । 'इन्कुभेशन अवधि' भन्नाले संक्रमित भएर लक्षण देखिने अवधिलाई बुझाउँछ । लक्षण केही हप्तादेखि महिनौंको अन्तरालमा देखिने गर्दछ ।

नेपालमा धेरैमा रेबिजको लक्षण औसतमा चार-पाँच महिनादेखि वर्ष दिनभित्र देखिने गरेको छ । यद्यपि, यो शरीरको कुन भागमा टोकेको हो त्यसमा लक्षण देखिने समय अवधि आधारित हुन्छ । खोप लगाउन जतिसक्दो चाँडो अनि ढिलो भन्ने हुँदैन भन्ने हो । कतिपय मानिस खोप लगाउन औषधि पसल जाँदा ढिलो (टोकेको दुई/तीन दिनपछि) आइपुगेकाले खोप लगाएर केही हुँदैन वा लगाउनुको अर्थ छैन भनेर फर्काएको अनि त्यस्ता घाइतेले मृत्युवरणसमेत गर्नुपरेको उदाहरण धेरै छन् । यस्ता घटना बढी मोफसलका जिल्लामा भएको पाइन्छ । लेखकको विचारमा औषधि बिक्रेतालाई पनि समय-समयमा रेबिजसम्बन्धी अभिमुखीकरण तालिम दिने वा रेबिजसम्बन्धी जानकारी उपलब्ध गराइदिनसके रेबिजबाट हुनसक्ने मृत्युलाई धेरै हदसम्म कम गर्न सकिने देखिन्छ ।

धेरैले घाउ ठूलो भए वा बाहिरको कुकुर वा जनावर टोकेमा मात्र रेबिज खोप लगाउनुपर्छ भन्ने धारणा बनाएको देखिन्छ । चोट/घाउ ठूलो भए यसै पनि धेरैजसो आत्तिएर नै रेबिजविरुद्धको खोप लगाउन अस्पताल आउने गरेको पाइन्छ । तसर्थ, चोट/घाउ ठूलो भएकाको मृत्यु रेबिजबाट हुने संख्या पनि केही हदसम्म कम भएको देखिन्छ । तर चोट/घाउ सानो भए रेबिज हुँदैन भनेर खोप नलगाउनाले तुलनात्मकरूपमा मृत्यु विगतमाभन्दा हाल बढ्दै गइरहेको देखिन्छ । कतिपयले त खोप लगाउन भोलि जान्छु, पर्सी जान्छु भन्दै गर्दा घाउ निको हुने अनि अब लगाउनु पर्दैन होला भनेर खोप नलगाउँदा केही समयपछि उनीहरूको पनि मृत्यु भएको छ । पछिल्लो समय ठूलो घाउ चोटको कारणले भन्दा पनि सानो घाउ चोटको बेवास्ताले गर्दा रेबिज भई मृत्यु हुनेको संख्या विस्तारै उकालो लाग्दै गइरहेको छ ।

हाल घरमा पालिएका भनिएका कुकुरसमेतमा रेबिज भाइरस पुष्टि हुने गरेको पनि देखिएको छ । यस्तो समस्या विशेष गरेर गाउँघरतिर बढी देखिने गरेको छ । गाउँघरतिर घरेलु कुकुर भन्नाले घरमा खाने/सुत्ने तर दिनमा बाहिर जाने/डुल्ने गर्दा अथवा नियन्त्रण नगरिने हुँदा बाहिरी कुकुर वा जंगली जनावरको सम्पर्कमा आउने अनि रेबिज संक्रमित भई परिवारका सदस्यलाई टोकेर संक्रमित गराउने गरेको देखिन्छ । यस्ता समस्या कम भए पनि काठमाडौं पनि हुने गरेको छ ।

रेबिज रोगबाट बच्ने एकमात्र उपाय भनेको खोप लिनु हो । रेबिजलाई इतिहासमा सीमित गर्ने प्रयास अझै पनि वास्तविकताभन्दा टाढा नै रहेको देखिन्छ । रेबिजबाट मृत्यु हुनेको संख्या विगतका दशकभन्दा उल्लेखनीय संख्यामा घटेको तथ्यांक देखिँदैन । रेबिज रोग किन बढ्दै छ भन्ने कारणको अनुसन्धान नगर्ने हो नेपालमा यो भाइरस 'साइलेन्ट किलर'को रूपमा रहिरहने छ । बिरामीमा विशेष गरेर हावा वा/तथा पानीदेखि डराउने लक्षण देखिन थालेको केही दिनभित्र मृत्यु निश्चित प्रायः नै हुन्छ । तसर्थ, कुनै पनि जनावर अझ खास गरेर रेबिज संक्रमित कुकुरले टोकेको शंका लागे नजिकैको स्वास्थ्य संस्था वा अस्पतालमा गएर रेबिजविरुद्धको खोप लिनुपर्दछ । खोप सकेसम्म चाँडो लिनुपर्दछ तर ढिलो भयो भन्ने पनि हुँदैन । *रासस*

*(लेखक शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालका क्लिनिकल रिसर्च युनिट संयोजक हुन्)*

श्रम सरोकार

## विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

# किरात समुदायको इतिहास र सांस्कृतिक पहिचान



■ विविशा पौडेल

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक देश हो । यहाँका हरेक जातजाति, समुदाय र तिनको सांस्कृतिक विविधताले नेपाललाई चिनाउने मौलिक आधारहरू छन् । तीमध्ये किरात समुदाय नेपालको एक प्राचीन, मौलिक र ऐतिहासिक समुदाय हो, जसको आफ्नै भाषा, धर्म, रीतिरिवाज, संस्कृति र सामाजिक संरचना छ । किरातभित्र विशेषगरी नेपालका पूर्वी पहाडी भूभागहरूमा बसोबास गर्ने राई, लिम्बू, याख्खा र सुनुवार जाति पर्छन् । यी समुदायको इतिहास, विश्वास प्रणाली र सांस्कृतिक अभ्यासहरूले नेपाली सभ्यताको विकासमा गहिरो प्रभाव पारेका छन् ।

राष्ट्रिय जनगणना २०६८ का अनुसार किरात धर्म मान्ने ३.०५ प्रतिशतबाट बढेर २०७८ मा ३.१७ प्रतिशत पुगेको पाइन्छ । किरात समुदायको उत्पत्ति र इतिहासलाई हेर्दा नेपालकै प्राचीनकालसँग जोडिएको पाइन्छ । यो समुदाय विशेषगरी नेपालको पूर्वी पहाडी भूभागमा बसोबास गर्दै आएका छन् । किरातहरूको इतिहासलाई हेर्दा प्राचीन किरात राजवंश नेपालमा झण्डै ७०० वर्ष शासन गरेको उल्लेख पाइन्छ । किरात वंशका प्रथम राजा यलम्बर थिए, जसले काठमाडौं उपत्यकामा शासन गर्दै किरात सभ्यताको जग बसालेको पाइन्छ । त्यसै अनुसार नेपालको इतिहासमा वर्णित २९ जना किरात राजाहरूले शासन गरी किरात वंशको शासन पनि इतिहासमा लेखेका छन् । उनीहरूले प्राकृतिक शक्तिहरूप्रति गहिरो आस्था राख्ने र प्रकृतिपूजक धर्म अभ्यास गरेको पाइन्छ ।

किरातहरूको शासनकालमा कृषि, वास्तुकला, भाषा र सांस्कृतिक जीवनशैलीले उल्लेखनीय उन्नति प्राप्त गरेको पाइन्छ । महाभारत, वेद, बौद्ध ग्रन्थ र पुराणहरूमा पनि किरातहरूको बारेमा उल्लेख छ, जसले उनीहरूको ऐतिहासिक अस्तित्वको प्रमाण दिन्छ । राजा यलम्बरको नाम महाभारतमा पनि 'किरात राजा'का रूपमा आएको छ । उनले अर्जुनसँग युद्ध गरेको महाभारतमा पनि उल्लेख पाइन्छ । यसको अर्थ उनीहरू केवल आदिवासी जनजातिमात्र नभएर शक्तिशाली शासक पनि थिए भन्ने बुझिन्छ । यो सम्पूर्ण इतिहासले देखाउँछ कि किरात समुदाय केवल नेपालकै नभई सम्पूर्ण हिमाली सभ्यताका प्राचीन सभ्य समुदायमध्ये एक हो ।

किरात समुदायको धर्म मुन्धुममा आधारित छ, जुन मौलिक परम्परा र संस्कारहरूको रूप हो । मुन्धुम किरातहरूको मौलिक धर्मग्रन्थ हो, जसमा सृष्टि उत्पत्ति, धर्मकथा, आचरण र जीवनशैलीको वर्णन पाइन्छ । किरात धर्म प्रकृतिपूजक धर्म भनेर पनि चिनिन्छ । जहाँ आकाश, सूर्य, चन्द्रमा, नदी, रुख, पहाड, आदि प्राकृतिक तत्त्वहरूलाई किरातहरूले विशेष देवता मानेको पाइन्छ । सुम्निमा र पारुहाङलाई किरात धर्ममा प्रमुख देवता मानिन्छ । किरात धर्मले हिंसाविरोधी, निःस्वार्थ सेवा र सहकार्यमा आधारित सामाजिक मूल्य मान्यता अंगीकार गर्दछ । यो धर्म कुनै लिखित नियमभन्दा बढी व्यावहारिक जीवनशैली र समुदायको नैतिक आचरणसँग जोडिएको छ । पछिल्लो समय किरात धर्म पुनर्जागरण अभियान तीव्र बनेको छ । धार्मिक संगठनहरूद्वारा किरात धर्मको संरक्षण र पुनःस्थापनाका लागि प्रयास भइरहेको छ । भाषा र लिपि किरात समुदाय विविध भाषिक सम्पदा बोकेको समुदाय हो । किरातहरूको मुख्य चार शाखाहरू राई, लिम्बू, याक्खा, सुनुवारका आफ्नै भाषा छन्, जुन तिब्बती-बर्मेली भाषा परिवारमा पर्छन् । राई समुदायमा दर्जनौं उपभाषाहरू वान्तावा, याक्खा, चाम्लिङ, थुलुङ आदि छन् । लिम्बू समुदायमा याक्थुङ भाषा बोलिन्छ, जुन लिम्बूहरूको मातृभाषा हो । याक्खा र सुनुवारका पनि आ-आफ्नै भाषा छ ।

भाषा केवल सञ्चारको माध्यम नभई संस्कृति, ज्ञान र पहिचानको स्रोत हो । लिम्बू भाषामा सिरिजंगा लिपि प्रयोग हुन्छ, जसको विकास १७औं शताब्दीमा तेजबहादुर सिरिजंगाले गरेका थिए । सिरिजंगा लिपिको माध्यमबाट लिम्बू भाषा पढ्न, लेख्न र साहित्य सिर्जना गर्ने अभ्यास पुनः सुरु भएको छ । राई समुदायमा हालसम्म साझा लिपिको विकास हुन सकेको छैन तर देवनागरी प्रयोग गरिन्छ । भाषा संरक्षणमा विभिन्न संघसंस्थाहरू, रेडियो कार्यक्रम, मातृभाषामा शिक्षा, साहित्य प्रतियोगिता आदिको भूमिका उल्लेखनीय छ । तथापि, भाषाहरू लोप हुने खतरा यथावत् छ । संरक्षण नहुँदा किरात भाषाहरू मरेर जान सक्ने जोखिम उच्च छ । किरात समुदायको संस्कार, परम्परा र सांस्कृतिक जीवनशैली अत्यन्त समृद्ध छ । उनीहरूका पर्व, नाच, गीत, लुगा, खानपान, र सामाजिक चलनले पृथक सांस्कृतिक पहिचान दिन्छ ।

मुख्य पर्वहरूमा उभौली र उधौली अत्यन्त महत्त्वपूर्ण छन् । उभौली खेतीको सुरुआत र उधौली बाली भित्र्याएपछि प्रकृतिप्रति धन्यवाद दिने पर्व हुन् । यिनमा सामूहिक साकेला नृत्य गरेको पाइन्छ । साकेला नाचमा महिला-पुरुषले गोलो घेरा बनाई मादलको तालमा परम्परागत पोसाकको साथमा नाच्ने गरेको पाइन्छ । खानपानमा सिस्नुको तरकारी, सुँगुरको मासु, कोदोको ढिँडो, रक्सी आदि खानेकुराको चलनमा भएको पाइन्छ ।

किरात समाजमा महिलाहरूको सामाजिक, सांस्कृतिक र आर्थिक भूमिकालाई विशेष महत्त्व दिइन्छ । महिलालाई परिवारको निर्णय प्रक्रियामा समावेश गरिन्छ । गृहकार्य, कृषि, पशुपालन, पर्वमा सहभागिता, तथा सांस्कृतिक र धार्मिक विधिमा महिलाहरूको भूमिका उल्लेखनीय छ । राई र लिम्बू समुदायमा महिलाहरू साकेला, विवाह, श्राद्धजस्ता कार्यक्रममा पूरै सहभागिता जनाउँछन् । उनीहरू गीत, नृत्य, मुन्धुम गायन आदिमा निपुण हुन्छन् ।

२०४६ को जनआन्दोलनपछि किरात समुदायमा सामाजिक जागरण तीव्र रूपमा बढेको पाइन्छ । उनीहरू आफ्नो भाषा, धर्म, संस्कृति र पहिचानका सवालमा सचेत बनेका छन् । किरात याक्थुङ चुम्लुङ, किरात राई यायोक्खा, सुनुवार सेवा समाज आदि संस्थाहरूले सामाजिक, सांस्कृतिक अभियान सञ्चालन गरिरहेका छन् । यिनै संस्थाहरूले मुन्धुमको पुनर्जागरण, मातृभाषामा शिक्षा, धार्मिक मान्यता र राजनीतिक प्रतिनिधित्वको माग गर्दै आएका छन् । राज्य पुनर्संरचनाको सन्दर्भमा किरात भू-भागलाई स्वशासित क्षेत्रको रूपमा व्यवस्थापन गरियोस् भन्ने माग पनि राखिएको छ । त्यस्तै धार्मिक स्वतन्त्रता, सांस्कृतिक संरक्षण, जातीय स्वायत्तता र सामाजिक न्यायका पक्षमा किरात समुदायले अहिंसात्मक आन्दोलन गर्दै आएका छन् । उनीहरूको आन्दोलनले राज्यमा पहिचानको बहसलाई गहिरो बनाएको छ ।

किरात समुदाय नेपालको प्राचीन सभ्यता बोकेको, मौलिक धर्म, भाषा र संस्कृति भएको समुदाय हो । उनीहरूको इतिहास, धर्म, भाषा, पर्व, नृत्य, संस्कार र जीवनशैली नेपाली समाजको अमूल्य सम्पदा हो । तर समकालीन चुनौतीहरूले यो सम्पदा मेटिँदै जाने खतरा उत्पन्न भएको छ । त्यसैले किरात समुदायको भाषा, धर्म र संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि सरकारी, सामाजिक र शैक्षिक क्षेत्रबाट विशेष ध्यान दिनुपर्छ । किनकि विविधतामा एकता नेपालकै शक्ति हो भने किरात समुदायजस्ता आदिवासी जनजातिको समावेशी विकास र आत्मसम्मानपूर्ण सहभागितामै समृद्ध नेपालको आधार लुकेको छ ।



**भेडाको ऊनबाट बक्खु** | गोरखाको धार्चे गाउँपालिका–३, उहियामा भेडाको ऊनबाट बक्खु बुन्दै स्थानीय महिला । *तस्बिरः दीपक श्रेष्ठ/रासस*

# घुम्टोमा घण्टाघरः मर्मतसम्भार शीघ्र पूरा गर्न वीरगञ्जवासीको माग

■ **हिमाल लम्साल**

**वीरगञ्ज (पर्सा)**– वीरगञ्जको प्रतिष्ठाको प्रतीक यहाँको घण्टाघरको केही भाग भत्किएको तीन महिना बित्न लागेको अब केही दिनमात्र बाँकी छ तर मर्मतसम्भार पूरा भएको छैन । गत फागुन ७ गते भत्किएको घण्टाघरको 'बाल्कोनी' मर्मतसम्भार चाँडोभन्दा चाँडो सम्पन्न गर्न वीरगञ्जवासीले माग गरेका छन् ।

वीरगञ्ज आउने स्वदेशी तथा विदेशी पर्यटकको मुख्य आर्कषण घण्टाघर घुम्टोमा छ । मर्मतसम्भारको नाममा यसलाई छोपिएको छ । यहाँ घुम्न आउने पर्यटक यस्तो दृश्यबाट खिन्न भएका छन् । वीरगञ्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले घण्टाघरको संरचना जीर्ण भएकाले पनि मर्मतसम्भारका लागि केही बढी समय लागेको जानकारी दिए । 'घण्टाघरको पुरानो संरचना भएकाले मर्मतसम्भारमा केही बढी समय लागेको हो,' उनले भने, 'हामीले घण्टाघरको संरचना मर्मतसम्भार शीघ्र पूरा गर्न व्यवसायीलाई पनि ताकेता गरिरहेका छौं ।'

वीरगञ्ज महानगरपालिकाको पूर्वाधार महाशाखाका इन्जिनियर गौरव झाले घण्टाघरको बाल्कोनीमा अकासे पानीको उचित निकास नहुँदा घामपानीले बाल्कोनीमा क्षति पुऱ्याएको जानकारी दिए । 'घामपानीले पनि घण्टाघरको बाल्कोनीमा 'क्र्याक' आइसकेको रहेछ । घण्टाघरमा उठाइएको पर्खालको इँटा पनि खस्न थालिसकेको रैछ,' उनले भने, 'हामीले घण्टाघरको 'कोर बिल्डिङ' नभएर बाल्कोनीको छानालाई फुटाएर फेरि मर्मतसम्भारको काम अघि बढाइरहेका छौं ।'

इन्जिनियर झाले घण्टाघरमा देखिएको



समस्या पहिचान र लागत 'इस्टिमेट' तयार पार्नका लागि केही समय लागेको बताए । 'घण्टाघरमा भएको क्षतिको विवरण संकलन र समस्या पहिचान गर्न पनि केही समय लाग्यो । त्यसपछि क्षतिपछि मर्मतसम्भारका लागि लागत इस्टिमेट तयार पार्न पनि केही समय लागेको नै हो,' उनले भने, 'मर्मतसम्भारका लागि आवश्यक पर्ने 'स्काफोल्डिङ' बाँध्नका लागि पनि केही थप समय लाग्यो । उचाइमा भएको ठाउँमा काम गर्ने दक्ष प्राविधिक र जनशक्ति खोज्न पनि केही अप्ठ्यारो भएको थियो ।'

इन्जिनियर झाले अहिले घण्टाघरको मर्मतसम्भारका काम अघि बढिरहेको दाबी गरे । 'घण्टाघरको अहिले ५० देखि ६० फिटको उचाइमा काम भइरहेको छ,' उनले भने, 'हामीले सोभन्दा मुनिको संरचनालाई पनि जोगाएर मर्मतसम्भारको काम गर्नुपरेको छ । माथि मेसिन वा द्रुतगतिमा काम गर्दा पनि तल्लो संरचनामा क्षति हुने सम्भावना उच्च भएकाले पनि काम ढिलो भएजस्तो देखिएको हो ।'

इन्जिनियर झाले घण्टाघरको मर्मतसम्भारको काम सक्न अझै डेढ महिनाभन्दा धेरै समय लाग्ने दाबी गरे । 'घण्टाघरको बाल्कोनीमा राखिएका छड खिया लागेर क्षति भएको छ,' उनले भने, 'क्षति भएका छडलाई हटाएर नयाँ छड राखेर मर्मतसम्भार गर्न आवश्यक देखिएको छ । घण्टाघरको बाल्कोनीमा आकाशबाट खसेको पानीको उचित निकासको व्यवस्था नहुँदा पानी चुहिने समस्या देखिएको छ । सोको पनि उचित व्यवस्थापनको काम भइरहेको छ ।'

महानगरले विगत डेढ महिनादेखि घण्टाघरमा स्काफोल्डिङ (खट बाँध्ने, टेका लगाउने) लगायतका काम गरेको थियो । अर्कोतर्फ घण्टाघर क्षेत्रमा अत्यधिक सवारीसाधनको चाप हुने भएकाले पनि घण्टाघरलाई चारैतर्फबाट छोपेर काम भइरहेको छ । इन्जिनियर झाले घण्टाघर मर्मतसम्भारको काम जटिल भएकाले पनि केही बढी समय लागेको बताए ।

घण्टाघर मर्मतसम्भार २० लाख रूपैयाँको लागतमा गर्न लागिएको हो । वीरगञ्ज महानगरले २०८२ असार १० गतेसम्म निर्माण सम्पन्न हुनेगरी ठेक्का लगाएको थियो । वीरगञ्जको घण्टाघर सन् १९७९ फरवरी ८ तारिखमा तयार भएको बताइन्छ । त्यो बेला जापानको योनागो सहरका विद्यार्थीको एक दिनको खाजाको पैसा कटाएर घण्टाघर र त्यहाँ घडी राख्न आवश्यक बजेटको प्रबन्ध मिलाइएको स्थानीय ज्येष्ठ नागरिकहरूको कथन छ । गत चैत २७ गते नेपालका लागि जापानका राजदूत माएदा तोरु पनि वीरगञ्ज आउँदा घण्टाघरबारे चासो व्यक्त गरेको महानगरपालिकाका अधिकारीहरूले बताएका छन् । *रासस*

# हिमा गाउँपालिकाका सबै वडा बालविवाहमुक्त घोषणा

**जुम्ला (प्रस)**– जुम्लाको सिञ्जा दरामा पर्ने हिमा गाउँपालिकाका सबै वडाहरू बालविवाहमुक्त घोषणा भएका छन् । हिमामा छ वडा रहेका छन् ।

हिमा गाउँपालिकावासीले बुधबारदेखि गाउँपालिकाको कुनै पनि वडामा बालविवाह नगर्ने र बालविवाह हुन नदिने प्रतिबद्धता गरेको उक्त गाउँपालिकाका अध्यक्ष लक्ष्मणबहादुर शाहीले जानकारी दिए । यसअघि भने गाउँपालिकाका सबै वडामा बालविवाहको जटिल समस्या रहेको उनले बताए । अध्यक्ष शाहीले भने, 'पालिकाभित्रका सबै वडाहरू बालविवाहमुक्त भइसकेका छन् । अब पालिकास्तरमा चाहिने आवश्यक सूचकहरू पूरा गरेर पालिका नै बालविवाहमुक्त हुने तयारीमा छौं ।'

उनका अनुसार हिमाले निकट भविष्यमै सिंगो पालिका नै बालविवाहमुक्त घोषणा गर्ने छ । २० वर्ष नपुग्दै आमा बन्नेहरू धेरै हुँदै जाँदा हिमाले सन् २०१८ देखि नै बालविवाह अपराध भएको ठहर गर्दै न्यूनीकरणको अभियान चलाएको थियो । 'किशोरी अवस्थामा विवाह गर्नेहरूको अहिले शारीरिक र मानसिक अवस्था अहिले पनि नाजुक छ, उनीहरूमा गरिबी छ, ती असर प्रत्यक्ष रूपमा देखेपछि किशोरकिशोरीहरू बालविवाह रोक्न अभियान चलाउन सुरु गरिएको थियो,' उनले भने ।

पछिल्लो समय हिमाका गाउँबस्तीमा बालविवाह अन्त्यको लहर नै चलेको छ । युवायुवती यसमा सक्रिय हुँदै गएका छन् । बालविवाह रोक्न किशोर किशोरी सचेतना कार्यक्रम सञ्चालन गरिरहेका छन् । आमासमूह, धर्मगुरुहरू, पुरोहितदेखि बुढापाकासमेत बालविवाह गर्दा हुने हानि नोक्सानीबारेमा सजग छन् ।

गाउँबस्तीमा बालविवाह गर्दा हुने बेफाइदाका कक्षाहरू, अन्तरक्रिया, किशोरी शिक्षा, अभिभावक र समुदायका अगुवाहरू बीचको छलफल, बालविवाहले देखिने सामाजिक र शारीरिक समस्याका बारेमा पटकपटक छलफल हुने गरेको थियो । बालविवाह रोक्न यहाँका जनप्रतिनिधि, युवा क्लब, महिला समूहले जागरण अभियान नै चलाउँदै आएका छन् ।

# बजेटमा लैंगिक समावेशीकरणलाई ध्यान दिन माग



■ **प्रभाव संवाददाता**

**पाटन (ललितपुर)**– बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले कानुनले सबैलाई अवसर दिँदै समान दृष्टिकोणले हेर्नुपर्ने बताएका छन् ।

प्रदेश सुशासन केन्द्र बागमती प्रदेशद्वारा बुधबार ललितपुरमा आयोजित प्रदेशसभाका महिला सदस्यहरूका लागि सामाजिक समावेशीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रममा उनले कार्यक्रमको उद्देश्य लैंगिक समानता र समावेशीकरणका साथै बजेट निर्माणमा लैंगिक समावेशीकरणलाई जोड दिएर अभिमुखीकरण गर्ने भएको बताए ।

उनले भने, 'प्रदेशसभामा महिलाहरूको उल्लेख्य सहभागिता छ, अबको समयमा समावेशीकरणमा ठूलो फड्को मार्ने छ भन्ने आशा छ, यस्ता अभिमुखीकरणबाट प्राप्त हुने ज्ञानले सबै वर्ग, समुदाय, जातजाति र लिंगबीच समाञ्जस्यता कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने छ ।'

कार्यक्रममा बागमती प्रदेसभाका सभामुख भुवनकुमार पाठकले प्रदेशसभाको नीति तथा कार्यक्रम र बजेट निर्माणको पूर्वसन्ध्यामा भएको यो कार्यक्रम आयोजना हुनु सकारात्मक भएको बताए । 'समावेशीकरण संविधानको सुन्दर पक्ष हो । राज्यको हरेक निकायमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनु सकारात्मक छ, तर महिलाभित्रको असमान अवस्थालाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने पनि चुनौती छ, अब समावेशीकरणसँगसँगै महिलाहरूको आर्थिक सक्षमता अभिवृद्धिका लागि पनि जोड दिनुपर्छ,' उनले भने, 'अब महिलाहरूको प्रतिनिधित्व ५१ प्रतिशत पुऱ्याउन सक्नुपर्छ, दक्षिण एसियामा मात्र होइन, एसियामा नै महिला सहभागिताको सन्दर्भमा हामी अगाडि छौं, यो अत्यन्तै महत्त्वपूर्ण कुरा छ ।'

बागमती प्रदेशसभाकी उपसभामुख अप्सरा चापागाईंले सकारात्मक सोचको विकास हुँदा जिम्मेवारीमा रहेर सहजै कार्यसम्पादन गर्न सकिने विश्वास व्यक्त गरिन् । उनले महिला सदस्यलाई सामाजिक समावेशीकरणको अभिमुखीकरण गर्दा आगामी दिनमा तय हुने वार्षिक बजेट र नीति तथा कार्यक्रमलाई लैंगिकमैत्री बनाउन प्रभावकारी हुने धारणा राखिन् ।

प्रदेश सुशासन केन्द्रका कार्यकारी निर्देशक गोपालकृष्ण न्यौपानेले नेपालको संविधानले अवलम्बन गरेको समावेशीकरणको अवधारणामा रहेर योजना तथा बजेट निर्माणका विषयमा केन्द्रित रहेर सामाजिक समावेशीकरणसम्बन्धी नीतिगत व्यवस्थाका लागि काम गर्न सहयोग पुऱ्याउने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको जानकारी दिए ।

# रोजगारमुखी गुणस्तरीय शिक्षामा जोड

**गण्डकी (प्रस)**– दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना र युवाका लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा तालिम परियोजना निर्देशन समितिको संयुक्त बैठकका वक्ताहरूले व्यावसायिक र रोजगारमुखी शिक्षाको आवश्यकता औंल्याएका छन् । गण्डकी प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयद्वारा बुधबार आयोजित बैठकमा उक्त मन्त्रालयका मन्त्री विन्दुकुमार थापाले युवालाई आत्मनिर्भर बनाउनुपर्नेमा जोड दिए ।

'युवालक्षित यी परियोजनाले सीप, दक्षता विकास र रोजगार सुनिश्चितताका लागि भूमिका खेल्ने छन्,' उनले भने, 'गुणस्तरीय प्राविधिक तालिम र सीप विकासले वैदेशिक रोजगारीमा जाने, स्वरोजगारको सम्भावना खोज्ने तथा उद्यमशील बन्न चाहने युवालाई मद्दत गर्ने छ ।' आगामी दिनमा शैक्षिक गुणस्तर वृद्धि, रोजगारी सिर्जनाजस्ता क्षेत्रमा सुधार आउने उनले विश्वास व्यक्त गरे ।

सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षा, सीप परीक्षण तथा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली, स्तर निर्धारण एवं प्रशिक्षक अनुमतिपत्र आदिको कार्यान्वयनमार्फत समृद्ध प्रदेश निर्माणको संकल्प लिइएको छ । सामाजिक समावेशितालाई ध्यान दिँदै पहुँचबाट वञ्चित समुदायका लागि प्राविधिक शिक्षाका लागि छात्रवृतिलगायत आवासीय तालिम कार्यक्रम सञ्चालन गर्ने मन्त्री थापाले बताए ।

स्वीस विकास सहकार्य (एसडिसी) का प्रमुख माथिएस मेयरले युवाको वृत्ति विकासमा गण्डकी प्रदेश सरकारले गरेको कामको प्रशंसा गरे । उनले निजी क्षेत्रसँग मिलेर साझेदारीमा गरेको कामलाई उदाहरणका रूपमा लिइएको बताए ।


हार्दिक समवेदना



जन्मः २०२७/०१/०४

स्वर्गारोहणः २०८१/१२/१५

**स्व. विश्वराम थिङ तामाङ**

हाम्रा यस बोसन बेलायत टोल थिङ परिवारको ताम्बा तथा बोन्बो आदरणीय अग्रज विश्वराम थिङ तामाङज्यू स्वर्गारोहण हुनुभएको आज ४९ औं दिनको पुण्य घेवाको अवसरमा देवाचनको स्हिंखाममा बास मिलोस् भनी कुन्ज्यो सोमको छ्यासालो कामना गर्दै सम्पूर्ण थिङ परिवारहरु उहाँप्रति भावपूर्ण हार्दिक समवेदना प्रकट गर्दछौं ।

**श्रीमतीः सन्तमाया तामाङ छोरा/छोरीः रुपेश/रुपा तामाङ**

**जनक, कान्छाराम, मधुसुदन, जयराम, कृष्णकुमार, मदन, रामकुमार, कृष्णाशरण, दिकपाल, प्रद्युम्न, सुधिम्न, चिरन्जीवी, सुकमाया, बसन्ती, जगतराम, विष्णु थिङ तामाङ**

**समस्त बोसन बेलायत टोल थिङ परिवार**



**युएइमा रोजगार** कम्पनी : REACH EMPLOYMENT SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०१/३१ | LT. No. 323703 | चलानी नं. ६०२३७७१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 200 | 0 | 2000 | ७४,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ८ गते (22nd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 948/067/068

Opus Manpower Pvt. Ltd. (Mimosa Overseas Pvt.Ltd)

Samakhusi, Townplanning-26, Kathmandu Near Big Mart , Landline No : 01-4957256, Mob:9851100368, 9812569634 E-mail info@opusmanpower.com



**कतारमा रोजगार** कम्पनी : Pearling Season International School

पूर्व स्वीकृति मिति : २०८०/१२/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/३१ | LT. No. 301786 | चलानी नं. ६०२१६६८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | 0 | 1000 | ३७,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour Services | 3 | 0 | 1000 | ३७,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ८ गते (22nd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Habib International Pvt. Ltd.

श्रम इजाजत नं. ८०२/०६५/०६६

Lalitpur-15, Satdobato. Nepal. Tel.: +977-01-5548070, 5548071, Fax: +977-01-5548069



**साउदीमा रोजगार** कम्पनी : SARH SPECIALIZED CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८२/०१/३१ | LT. No. 323730 | चलानी नं. ६०२३७६९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 3 | 0 | 1000 | ३६,३६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ८-१२ गतेसम्म (22-26th May 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 771/065/066

ASMITA INTERNATIONAL OVERSEAS P. LTD.

Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547

E-mail : asmitainternational2013@gmail.com



**कतारमा रोजगार** कम्पनी : Great supreme shine cleaning hospitality & contracting

पूर्व स्वीकृति मिति : २०८२/०१/३१ | LT. No. 323738 | चलानी नं. ६०२३७७२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Cleaner Worker | 10 | 20 | 1000 | ३७,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ८ गते (22nd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


MINAWA RECRUITMENT H.R. PVT LTD

Govt.Lic. No- 1168/073/074

Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511

E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



**साउदीमा रोजगार** कम्पनी : POLY ALWAN PLASTIC FACTORY A BRANCH OF ROYA CHEMICAL INDUSTRY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०१/३१ | LT. No. 323734 | चलानी नं. ६०२३७६९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plastic Products Making Labors | 1 | 0 | 1200 | ४३,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ८ गते (22nd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


DECENT EMPLOYMENT PVT. LTD.

LIC. 904/067/068

KMC-26, Samakhushi, Kathmandu, Nepal, Ph. No: +977-015903104, E-mail : infodecent068@gmail.com, Website : www.decentemployment.com.np



**युएइमा रोजगार** कम्पनी : LAPIZBLUE TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०१/३१ | LT. No. 323684 | चलानी नं. ६०२३७७१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason (Nepal) | 12 | 0 | 1400 | ५१,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ८ गते (22nd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


NOVA INTERNATIONAL PVT. LTD.

श्रम इजाजत नं. १०१९/०६८/०६९

Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602

Email: info@novainternational.com.np, URL: www.novainternational.com.np



**युएइमा रोजगार** कम्पनी : GOLDEN SAFETY PROPERTY GUARD SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८०/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/३१ | LT. No. 297451 | चलानी नं. ६०२१२७१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 0 | 800 | २९,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Life Guard | 3 | 0 | 1200 | ४४,५६० | | | | | | | |
| 3 | Security Guard | 24 | 8 | 1200 | ४४,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ८ गते (22nd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


GULF MANAGEMENT INTERNATIONAL PVT.LTD

श्रम इजाजत नं. ७८८/०६५/०६६

Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504, 9851040203, E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com



**कुवेतमा रोजगार** कम्पनी : BEIT DIVA GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८०/१०/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/३१ | LT. No. 299723 | चलानी नं. ६०२१४६९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 15 | 100 | ४४,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 10 | 0 | 160 | ७१,००५ | | | | | | | |
| 3 | Supervisor | 0 | 4 | 150 | ६६,५६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ८ गते (22nd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Omega International Pvt. Ltd.

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

# प्रभाव दैनिक

## रूपशाला




### खेम सेन्चुरी र शान्तिश्रीको एक वर्षपछि सहकार्य

लोकसंगीतका चर्चित हस्तीहरु खेम सेन्चुरी र शान्ति श्री परियारबिचको विवादले केही समय साङ्गीतिक बजार नै ततायो । बहुचर्चित गीत 'अरेली काँडैले मलाई च्वास्स, च्वास्स..' पछि उनीहरूको विवाद देख्दा लाग्थ्यो अब यी दुबैलाई एकसाथ देख्न पाइन्न । तर, अहिले भने शान्ति श्री र खेमले एकसाथ काम गरेका छन् गीत 'परदेशी हुनै मन छैन'मा । करिब एक वर्षपछि उनीहरूले एउटै गीतमा सहकार्य गरेका हुन् । यो गीतले यी दुईबिचको सम्बन्ध सहकार्यतर्फ मोडिएको देखिन्छ । प्रहरी निरीक्षक भूपेन्द्र बुढाथोकीको शब्द रहेको यो गीतमा शान्ति श्री र खेमले स्वर दिएका हुन् ।

बिहीबार, ०१ जेठ, २०८२ (Thursday, May 15, 2025)

# ब्रिटिस काउन्सिलको सहयोगमा 'पेटका केही कुरा' प्रदर्शन







■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पुस्तौँदेखि आमा-छोरीको सम्बन्धमा आकार दिने मिलन र बिछोडका अनेकन् आयामहरूलाई समेटेर कला प्रबन्धक (आर्ट क्युरेटर) बुनु ढुङ्गानाले तयार गरेको 'पेटका केही कुरा' (सम थिङ्स इन द बेल्ली) मल्टिमिडिया प्रदर्शनी काठमाडौंमा हुँदैछ । यो प्रदर्शनी काठमाडौं बबरमहलमा रहेको नेपाल कला परिषद् (आर्ट काउन्सिल) मा १६ मे २०२५ (२०८२ जेठ २) सम्म आयोजना हुनेछ ।

यो प्रदर्शनी, ब्रिटिस काउन्सिलको सहयोगमा लक्स तथा आर्ट साउथ एसिया प्रोजेक्टले आर्ट एक्सचेन्जः मुभिङ इमेज साउथ एसिया कार्यक्रम अन्तरगत आयोजना गरेका हुन् ।

नेपालका कलाकार तथा कला व्यवसायीहरूका लागि अवसर सिर्जना गर्ने र बेलायतको कला क्षेत्रमा उनीहरूको सम्बन्ध स्थापित गराउने प्रतिबद्धतासँगै ब्रिटिस काउन्सिलले बुनु ढुङ्गानालाई 'आर्ट एक्सचेन्जः मुभिङ इमेज साउथ एसिया' कार्यक्रममा सहभागी हुन सहयोग गरेको थियो ।

यो कार्यक्रम अन्तरगत भर्खर काम सुरु गरेकादेखि व्यवसायमा स्थापित हुने क्रममा रहेका भिजुअल आर्ट क्युरेटरहरूलाई सिद्धहस्त व्यवसायीहरूबाट मार्ग निर्देश (मेन्टरशिप), व्यावसायिक विकास, र सञ्जालको विकास (नेटवर्किङ) को अवसर प्रदान गरिएको थियो ।

बुनु ढुङ्गाना २०२४ नोभेम्बरमा बेलायतमा गएर दक्षिण एसियाली अन्य क्युरेटरहरूसँग अनुसन्धान र नेटवर्किङ कार्यक्रममा सहभागी भएकी थिइन् । बुनुले बेलायत तथा नेपाली कलाकारहरूको चलायमान कलाकृतिहरू (मुभिङ इमेज) लाई समेट्ने प्रदर्शनी आयोजना गर्न सहयोग प्राप्त गरेकी थिइन् ।

'पेटका केही कुरा' (सम थिङ्स इन द बेल्ली) मा समावेश चित्रकला, त्रि-आयाम स्थापना कलाकृति , कविता, छोटो कथा, चलचित्र, चिठ्ठी, र मञ्चनकलाका प्रस्तुतिहरूले चिन्तन, संवाद, र संयोजनको बहुपक्षीय स्थानको सिर्जना गरेका छन् । यो प्रदर्शनीमा आफ्ना सिर्जना मार्फत अस्मिता वादी, श्रद्धा देवकोटा, इरिना गिरी, उज्ज्वला महर्जन, तृप्ति तामाङ पाख्रिन, सृष्टि श्रेष्ठ, प्रतिभा तुलाधर र बेलायतकी रेचल लोवले आफ्ना भावनात्मक तथा सांस्कृतिक आयामहरूको सञ्चार, अनुभूति, र संवाद कसरी गरिन्छ भन्ने प्रतिबिम्बित गरेका छन् ।

प्रदर्शनीसँगै कलाकारसँगको संवाद, प्रस्तुतिहरू, व्याख्यानहरू, कार्यशाला, मञ्चन र चलचित्र प्रदर्शनहरूको आयोजना गरिएको छ ।

# बेलायतमा नेपाली भजन महोत्सव




**बेलायत–** बेलायतमा बसोबास गर्दै आएका नेपालीहरूको संस्था 'साझा नेपाली समाज युके'को आयोजना दोस्रो भजन महोत्सव सम्पन्न भएको छ । लण्डन, स्कटल्याण्ड, वेल्स, बर्मिंघम तथा उल्भरह्याम्टनलगायत आठ स्थानमा बसोबास गर्ने नेपालीहरूको सांस्कृतिक झाँकीसहितका टोली वेष्टमिडल्यान्डस्को उल्भरह्याम्पटस्थित श्रीकृष्ण मन्दिरमा जम्मा भएका थिए ।

'आफ्नो पहिचान धर्म संस्कृति र आदर्शलाई जोगाउँ, सभ्य र उन्नत जीवनलाई अँगालौं' भन्ने नारासहित सम्पन्न महोत्सवमा आठवटै टोलीले आ-आफ्नो भजन प्रस्तुत गरेका थिए ।

महोत्सव उद्घाटन गर्दै उल्भरह्याम्टन काउन्सिलका मेयर लिन्डा लिचले, बेलायतमा जीवन बिताइरहेका नेपालीहरूले आफ्नो संस्कृति संरक्षणमा खेलेको भूमिकाप्रति खुसी व्यक्त गरे । उनले भनिन् 'म नेपाली समाजले आफ्नो संस्कृति जोगाउन खेलेको भूमिकाको प्रशंसा गर्छु र यस अभियान आगामी दिनमा पनि निरन्तर रहनेमा विश्वस्त छु ।'

महोत्सवमा यसपटक धेरै टोली सहभागी भएको र सहभागीको संख्या पनि बढेको जानकारी दिँदै कार्यक्रम संयोजक नेपाली समाज वेष्टमिडल्यान्डस्का पूर्वअध्यक्ष तथा कार्यक्रम संयोजक शिव खरेलले नेपाली संस्कृति संरक्षणका लागि बेलायतमा रहेका नेपाली समुदाय सचेत बन्दै गएकामा भन्दै खुसी व्यक्त गरे । महोत्सवमा ६०० भन्दाबढीको सहभागिता थियो । उनले भने, 'नेपाली समुदायमा नेपाली धर्म र संस्कृतिप्रतिको धारणा पुनःजागरण गराउन महोत्सव आयोजना गर्न थालिएको हो, यसमा हामी सफल भएका छौं ।'

साझा नेपाली समाज युकेका अध्यक्ष दीपक सापकोटाले कार्यक्रमले नेपाली धर्म र संस्कृतिको संरक्षण र प्रचारका लागि महत्वपूर्ण भूमिका खेल्ने बताए । प्रवासमा बसेर पनि नेपालको धर्म संस्कृतिको जगेर्ना गर्ने र खासगरी नयाँपुस्तालाई सनातन संस्कार र संस्कृति सिकाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको उनको भनाइ थियो ।

नेपाली समाज वेष्टमिडल्यान्ड्सका अध्यक्ष भीम शर्माले कार्यक्रमले बेलायतमै जन्मिएका नेपाली पुस्तालाई आफ्नो संस्कृतिबारे जान्नका लागि यो ठूलो अवसर भएको बताए । महोत्सवमा सहभागी भजन मण्डलीले भजन प्रस्तुत गर्नुका साथै नेपाली कला, संस्कृति, वेषभूषा झल्किने नृत्य प्रस्तुत गरेका थिए । त्यसअवसरमा निःशुल्क रूपमा नेपाली खानाका परिकार उपलब्ध गराइएको थियो । *रासस*

# 'सिनेपा' निर्माण आरम्भले चलचित्रकर्मी उत्साहित

**काठमाडौं (प्रस)–** 'सिनेपा' नामक चलचित्र छायाङ्कन स्टुडियो निर्माण सुरु भएपछि चलचित्रकर्मीमा उत्साह थपिएको छ । मङ्गलबार प्रधानमन्त्री निवास बालुवाटारमा चलचित्र विकास बोर्डले आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले काभ्रेपलाञ्चोकको बनेपामा निर्माण हुने उक्त स्टुडियोको निर्माण आरम्भ भएको उद्घोष गरेका थिए ।

करिब ४२ रोपनी क्षेत्रफलमा निर्माण हुन लागेको उक्त स्टुडियोले चलचित्रकर्मीलाई छायाङ्कनलगायतको प्रयोजनका लागि सहयोगी हुने विश्वास गरिएको छ । स्टुडियो निर्माणका लागि झन्डै रु ३७ करोड लागत अनुमान गरिएको छ । अभिनेता तथा निर्देशक नीर शाहले छ दशकदेखि अभाव बल्ल पूरा हुने आशा पलाएको प्रतिक्रिया दिए । आफू विसं २०२२ मा एउटा चलचित्र छायाङ्कनका लागि नेपाल बाहिर जानुपर्ने अवस्थालाई स्मरण गर्दै उनले आगामी दिनमा प्रविधियुक्त स्टुडियो निर्माण गरेर विदेशी चलचित्रकर्मीलाई आकर्षित गर्नुपर्ने बताए ।

'ढिलै भए पनि हामीले स्टुडियो बनाउने उद्घोष गरेका छौं । यो एउटा नयाँ युगको सुरुआत हो । यसबाट हामीले आफ्ना नवीनतम् कामलाई सुरुआत गर्न सक्छौँ', अभिनेता शाहले भने । उनले सरोकारवाला निकायले उत्तरदायी भूमिका निर्वाह गरेकै कारण स्टुडियो निर्माण प्रारम्भ भएको बताउँदै समयमै काम सम्पन्न गर्न आग्रह गरे ।

चलचित्र विकास बोर्डका पूर्वअध्यक्ष राजकुमार राईले स्टुडियोले चलचित्रकर्मीको कामलाई सहज बनाउने विश्वास व्यक्त गरे । 'हामीले प्राविधिक सहायताले धेरै काम गर्न सक्छौं । स्टुडियो समयमै निर्माण भएर चलचित्रकर्मीले उपयोग गर्न पाएमा यसबाट हामीले नयाँ किसिमको चलचित्र निर्माणसँगै अन्य धेरै फाइदा लिन सक्छौं । यो हामी चलचित्रकर्मीका लागि सुखद समाचार हो', उनले भने । 'सि' अर्थात् 'सिनेमा' र नेपाल भाषामा 'नेपाः' अर्थात् 'नेपाल' राखेर स्टुडियोको नामाङ्कन 'सिनेपाः' गरिएको हो । अभिनेता तथा निर्माता दीपकराज गिरीले स्टुडियो बन्ने खबरले चलचित्रकर्मीहरू उत्साहित भएको बताए ।

'यो राम्रो कामको सुरुआत हो । हामीले केही गरेनौँभन्दा पनि गरिरहेका छौं, प्रयासरत छौं भन्ने सन्देश दिनु राम्रो हो । समयमै स्टुडियो निर्माण पनि सम्पन्न हुन्छ भन्ने विश्वास मैले लिएको छु । हामी सकारात्मक सोच राखेर आशावादी हुनुपर्छ, त्यसले सुन्दर नतिजा दिन्छ', अभिनेता गिरीले भने ।

## रंगशाला

# क्रिकेटर सन्दीप क्यानको केन्द्रीय सम्झौतामा नबस्ने



■ **प्रभाव संवाददाता**

**काठमाडौं –** नेपाली राष्ट्रिय क्रिकेट टोलीका सदस्य सन्दीप लामिछानेले नेपाल क्रिकेट सङ्घ (क्यान) को केन्द्रीय सम्झौतामा नबस्ने घोषणा गरेका छन् ।

उनले बुधबार सामाजिक सञ्जाल (फेसबुक) मार्फत क्यानको केन्द्रीय सम्झौतामा आफू नबस्ने धारणा सार्वजनिक गरेका हुन् । उनले यस निर्णय क्रिकेट वा राष्ट्रबाट टाढा हुने कदम नभई व्यक्तिगत र पेशागत विकासतर्फको पाइलो भएको बताएका छन् । उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'यो छुट्टिनु होइन, बरू विकास र उद्देश्यतर्फको यात्रा हो ।'

सन्दीपले क्यानप्रति आभार प्रकट गर्दै आफ्नो क्रिकेट यात्रा र नेपालली क्रिकेटलाई अघि बढाउन क्यानले उल्लेखनीय भूमिका खेलेको भन्दै आफ्नो अनुभव र योगदानको माध्यमबाट अझ धेरै सिक्ने बताएका छन् । उनले राष्ट्रिय टोलीप्रतिको आफ्नो निष्ठा र क्रिकेटप्रतिको प्रेम कहिल्यै कम नहुने बताउँदै उही जोश र समर्पणका साथ नेपालका लागि खेलिरहने बताएका छन् ।

यस विषयमा सन्दीपले क्यानलाई पहिले नै जानकारी गराएको क्यानका प्रवक्ता छुम्बी लामाले जानकारी दिए । उनले सन्दीपको विषयमा क्यानले छलफल गरी छिटै नै निर्णय सार्वजनिक गर्ने बताए । सन्दीप केन्द्रीय सम्झौताअन्तर्गत क्याटेगोरी 'ए' मा समावेश थिए । यो क्याटेगोरीमा समावेश खेलाडरूले क्यानबाट मासिक रू एक लाख प्राप्त गर्दै आएका छन् ।

# नेपाली क्रिकेट टोलीको बिदाइ

**काठमाडौं (प्रस)–** आईसीसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गत स्कटल्याण्ड भ्रमणमा जाने नेपाली राष्ट्रिय क्रिकेट टोलीको बिदाई गरिएको छ ।

नेपाल क्रिकेट संघ (क्यान)ले बुधबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गर्दै नेपाली राष्ट्रिय क्रिकेट टोलीको बिदाइ गरेको हो । बिदाई कार्यक्रममा नेपाली राष्ट्रिय क्रिकेट टोलीका सहायक प्रशिक्षक ज्ञानेन्द्र मल्लले सिरिजमा नेपाली टीम उच्च मनोबलका साथ उत्रने बताए ।

स्कटल्याण्डमा हुने खेल मध्ये २-३ खेलमा मात्रै जित निकाल्न सके आगामी दिनमा विश्वकप लिग-२ को यात्रा सहज हुने उनले बताए । उनले विश्वकप लिग-२ को सुरुवात सुखद ढंगले हुने विश्वास व्यक्त गरे ।

त्यस्तै नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्काले विश्वकप लिग-२ नेपालका लागि निकै महत्वपूर्ण भएकाले नेपाली टीमले आफ्नो क्षमता देखाउने बताए । वरियतामा नेपाल अलि तल रहेपनि नेपाली टोलीले राम्रो नतिजा ल्याउने उनको भनाइ छ ।

नेपालले स्कटल्याण्ड भ्रमणमा लिग-२ अघि अभ्यास खेलहरू खेल्नेछ । त्यसपछि लिग-२ अन्तर्गत नेपालले जुन २ र जुन ८ मा स्कटल्याण्ड तथा जुन ४ र जुन १० मा नेदरल्यान्ड्ससँग खेल्नेछ । त्यसपछि नेपाली टोली युके भ्रमणमा जाने तालिका रहेको छ ।

# लालीगुराँस र क्यान्भास विजयी

**काठमाडौं (प्रस)–** लालीगुराँस नेसनल एकेडेमी र क्यान्भास बसन्त ऋतु आठौं बीएनए कप अन्तरविद्यालय बास्केटबलको जुनियर ब्वाइजमा बुधबार विजयी भएका छन् ।

बसुन्धारास्थित आयोजक बसुन्धरा नेसनल एकेडेमी (बीएनए) को कोर्टमा लालीगुराँसले एन्जल्स हार्टलाई ३१-२८ ले पराजित गर्‍यो । लालीगुराँसको जितमा साहिद पुनले १३ अंक योगदान गरे । रिसन गुरुङको ४ अंक सहयोगमा क्यान्भासले ज्ञान संस्कारलाई २२-१९ ले हरायो । जुनियर ब्वाइजमै भ्याली पब्लिकले स्किब्सलाई ३९-२६ तथा गोल्डेनपिकले हेराल्डलाई ४५-२३ ले पाखा लगाए । भ्याली पब्लिकका आर्यन गुरुङले १३ तथा स्किब्सका सफल राईले १२ अंक जोडे ।

सिनियर गर्ल्समा भ्याली पब्लिकले इडेन ब्रिज एकेडेमी (इबीए) लाई ३१-२७, केभीकेएसएसले जेबी स्कुललाई २३-१५, ग्रिनल्याण्डले तेजस्वीलाई ३९-२७ र फेरिल्यान्डले एन्जल्स हार्ट नेसनल स्कुललाई २२-१८ ले पन्छाए । भ्याली पब्लिककी लोरिशा गौचनले ११, केभीकेएसएसकी पूजा लामाले ६, ग्रिनल्याण्डकी बिहानी राईले २१ र फेरिल्याण्डकी खुश्बु मगरले ६ स्कोर गरे ।


**त्रियुगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गाईघाट, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**अपाङ्गता सहायक सामग्री खरीद कार्यको बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०२/०१**

१. यस कार्यालयको लागि आ.ब. २०८१/०८२ मा निम्न अनुसारका मालसामानहरु खरीद कार्य बोलपत्रको इच्छुक योग्य बोलपत्र दातालाई यसै सूचनाद्धारा आव्हान गरिएको छ ।

| बोलपत्र नं. | कामको बिवरण | कुल लागत रकम रू. भ्याट बाहेक | बोल पत्र दस्तुर | बैक जमानत | कैफियत |
|---|---|---|---|---|---|
| 28-TM/UDA/ 2081-082 | अपाङ्गता सहायक सामग्री खरीद | २३०३६९३/- | ३०००/- | ६९११०.७९/- | |

२. बोलपत्र २०८२/०३/०१ गते १२:०० बजेभित्र दाखिला गर्न सकिने छ ।
३. बोलपत्र दस्तुर रा.ब.बैंक गाईघाट शाखामा रहेको हि.न. २०९०१००३०१०१०००४ र धरौटी रकम रा.ब. बैंक हि.नं. २०९०१००३०३००००००४ मा दाखिला गर्न सकिने छ ।
४. बोलपत्र मिति २०८२/३/०१ गते १३:०० बजे खोलीने छ ।
५. बोलपत्र आव्हानको सूचना यस कार्यालयको बेब साइट www.bolpatra.gov.np र नगरपालिका कार्यालयको सूचना पाटीमा हेर्न सकिने छ ।
६. बोलपत्र E-Bidding का लागि www.bolpatra.gov.np मा राखिएको छ ।
७. कार्यालयको आवश्यकता अनुसार मालसामानको माग गरिनेछ । बोलपत्रमा उल्लेख भएको कुल परिमाण भन्दा कम परिमाणमामात्र पनि सामान माग गरिन सकिने छ ।
८. बोलपत्र दाताले बोलपत्र स्विकृत भएको मितिले सात दिनभित्र कार्यालयले माग गरेको सामान मात्र उपलब्ध गराउनु पर्ने छ ।
९. बोलपत्र सम्बन्ध अन्य थप कुरा बुझ्न परेमा यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

# फ्रान्स युक्रेनका कारण 'तेस्रो विश्वयुद्ध' चाहँदैन : म्याक्रोन



**पेरिस–** फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले मंगलबार फ्रान्सले युक्रेनमा रुसको आक्रमणका कारण 'तेस्रो विश्वयुद्ध' सुरु गर्न नचाहेको बताएका छन् । उनले म्याराथन टेलिभिजन प्रस्तुतिमा आफ्नो जनादेशको बाँकी दुई वर्षका लागि आफ्ना लक्ष्यहरू प्रस्तुत गर्दै महत्त्वपूर्ण मुद्दाहरूमा जनमत संग्रहको प्रतिबद्धता जाहेर गरे ।

सन् २०१७ मा आमूल परिवर्तनको वाचा गर्दै सत्तामा आएका म्याक्रोनले संविधानअन्तर्गत अनुमति दिइएको अधिकतम दुई कार्यकाल पूरा गरेपछि सन् २०२७ मा पदबाट राजीनामा दिने छन् । विशेषगरी संसदीय चुनाव गराउने आफ्नो निर्णयले उल्टो प्रभाव पारेपछि, अति-दक्षिणपन्थी दललाई संसद्मा सबैभन्दा ठूलो दल बनाएर र आफ्नै दललाई अल्पसंख्यक उपस्थितिमा सीमित गरेपछि पछिल्लो वर्षमा कहिलेकाहीँ म्याक्रोन ल्याम डक (अर्थात् शक्तिविहीन) जस्तै देखिएका छन् ।

तर हालैका महिनाहरूमा रुसले युक्रेनमा गरेको आक्रमणबाट सुरु भएको तीन वर्षे युद्धको अन्त्य गर्न खोज्दा अन्तर्राष्ट्रिय मोर्चामा उनको उपस्थितिबाट उत्साहित नयाँ ऊर्जावान म्याक्रोन देखिएका छन् । 'हामीले युक्रेनलाई आफ्नो रक्षा गर्न मद्दत गर्नुपर्छ तर हामी तेस्रो विश्वयुद्ध सुरु गर्न चाहँदैनौं,' म्याक्रोनले तीन घण्टाभन्दा बढी समयसम्म चलेको अन्तर्वार्तामा भने, 'युद्ध बन्द हुनुपर्छ र युक्रेन वार्तामा जान सक्ने सकेसम्म उत्तम अवस्थामा हुनुपर्छ ।'

म्याक्रोनले संयुक्त राज्य अमेरिकाले गरेजस्तै फ्रान्स अन्य युरोपेली देशहरूसँग उनीहरूको क्षेत्रमा आणविक हतियारले सशस्त्र फ्रान्सेली लडाकु विमानहरू तैनाथ गर्न छलफल सुरु गर्न तयार रहेको बताए । 'अमेरिकीहरूसँग बेल्जियम, जर्मनी, इटाली, टर्कीमा विमानहरूमा बम छन्,' उनले भने, 'हामी यो छलफल सुरु गर्न तयार छौं । म आउने हप्ता र महिनाहरूमा यसको ढाँचा बहुत विशिष्ट तरिकाले परिभाषित गर्ने छु ।'

### यसबारे सोचेको छैन

म्याक्रोनको अगाडि आफ्नो दृष्टिकोण राख्नेहरूमा कट्टरपन्थी सिजिटी युनियनका प्रमुख सोफी बिनेटदेखि लिएर मांसपेशी र व्यापकरूपमा अनुशरण गरिएको फिटनेस इन्फ्लुएन्सर टिबो इन्शेपसम्म थिए । फ्रान्समा करिब ६०० रोजगारीको बारेमा चिन्ताका बीच म्याक्रोनले बिनेटलाई स्टिल निर्माता आर्सेलरमित्तलका फ्रान्सेली सञ्चालनहरू राष्ट्रियकरण नगरिने तर देशका दुई संयन्त्र बचाउने प्रतिज्ञा गरे ।

एउटा प्रमुख घोषणामा उनले फ्रान्सेली सामाजिक र आर्थिक 'सुधार' बारे मतदाताहरूले निर्णय गर्न एकै दिनमा धेरै जनमतसंग्रह गर्ने पक्षमा रहेको बताए । 'म चाहन्छु कि हामीले परामर्शको एक शृंखला आयोजना गर्नुपर्दछ,' म्याक्रोनले भने, 'मतदान आउँदो महिनाहरूमा एक दिनमा हुने छ र 'प्रमुख' आर्थिक र सामाजिक सुधारहरूलाई सम्बोधन गर्ने छ ।'

यद्यपि उनी विवरणमा जान नचाहे पनि प्रधानमन्त्री फ्रान्कोइस बायरोको सुझावका लागि खुला थिए । बायरोले फ्रान्सको ऋण घटाउने योजनामा जनमत संग्रह गर्ने प्रस्ताव राखेका छन् । जनमत संग्रहले १५ वर्षभन्दा कम उमेरका लागि सामाजिक मिडियामा पहुँच र सहायता प्राप्त मृत्युजस्ता सामाजिक सुधारहरूलाई पनि सम्बोधन गर्न सक्छ ।

तथापि, म्याक्रोनले दक्षिणपन्थी र अति-दक्षिणपन्थीको बारम्बार अनुरोधका बावजुद आप्रवासन मुद्दाहरूलाई जनमत संग्रहमा राख्ने विचारलाई अस्वीकार गरे । संवेदनशील सामाजिक मुद्दाहरूलाई सम्बोधन गर्दै फ्रान्सेली राष्ट्रपतिले खेलकुद प्रतियोगिताहरूमा इस्लामिक पर्दा जस्ता धार्मिक प्रतीकहरू लगाउनेविरुद्धमा बोले तर उनले गैरप्रतिस्पर्धात्मक खेलको अभ्यासका लागि यो खेलकुद संघहरूले निर्णय गर्ने विषय भएको बताए ।

४७ वर्षीय म्याक्रोनले लगातार दुई कार्यकाल सेवा गरिसकेपछि सन् २०२७ मा पद छोड्नुपर्ने भए पनि उनी सन् २०३२ मा सिद्धान्तमा फर्कन सक्छन् । यस्तो कुनै पनि फ्रान्सेली नेताले पहिले कहिल्यै गरेका छैनन् । टिभी म्याराथनको अन्त्यमा उनले सन् २०२७ पछि आफ्नो भविष्यको बारेमा नसोचेको र आफ्नो दैनिक काममा फ्रान्सको बारेमा मात्र सोचिरहेको बताए । 'जब म (वर्तमान कार्यकाल) पूरा गर्छु, म अब के हुन्छ भनेर सोच्ने छु । त्यसपछि मात्र म तपाईंलाई जवाफ दिन सक्छु । तर आज, मैले यसबारे सोचेको छैन,' उनले भने । *रासस/एएफपी*




**ट्रम्पको कर नीतिविरुद्ध कोरियाली**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कर नीतिको विरुद्ध बुधबार दक्षिण कोरियाको सियोलमा रहेको सरकारी भवन बाहिर आयोजित र्‍यालीमा सहभागी कोरियाली प्रदर्शनकारीहरू । प्रदर्शनकारीहरूले 'हामीलाई व्यापार वार्तामा दबाब दिएकोमा अमेरिकाको निन्दा गर्छौं' लेखिएको ब्यानर प्रदर्शन गरेका थिए । तस्बिर: एपी

# दक्षिण कोरियामा बढ्यो रोजगारी

**सियोल–** दक्षिण कोरियामा रोजगारी अप्रिलमा लगातार चौथो महिनामा वृद्धि भएको छ । मुख्यतया वृद्धवृद्धाहरूका लागि रोजगारीमा वृद्धिका कारण रोजगारीमा वृद्धि भएको बुधबार प्रकाशित तथ्यांकले जनाएको छ ।

तथ्यांक कोरियाका अनुसार १५ वर्ष वा सोभन्दा बढी उमेरका कार्यरत व्यक्तिहरूको संख्या एक लाख ९४ हजार अर्थात ०.७ प्रतिशतले बढेर अप्रिलमा दुई करोड ८८ लाख ८७ हजार पुगेको छ ।

समग्र रोजगारी वृद्धि वृद्धवृद्धाद्वारा सञ्चालित थियो । ६० वर्ष वा सोभन्दा बढी उमेरका लागि रोजगारीको संख्या वार्षिक आधारमा अप्रिलमा तीन लाख ४० हजारले बढेको छ र ३० वर्ष उमेर समूहका लागि यो संख्या ९३ हजारले बढेको छ । १५-२९ वर्ष उमेर समूहका लागि रोजगारी एक लाख ७४ हजारले घटेको छ भने ४० र ५० वर्ष उमेर समूहका लागि रोजगारी ५१ हजार र १४ हजारले घटेको छ ।


गत वर्षको सोही महिनाको तुलनामा अप्रिलमा उत्पादकहरूबीचको रोजगारी एक लाख २४ हजारले घटेको छ । यो सन् २०१९ फेब्रुअरीपछि छ वर्षभन्दा बढीमा सबैभन्दा कम हो र लगातार १०औं महिनामा गिरावटको प्रवृत्ति रहेको छ ।

निर्माण र थोक र खुद्रा उद्योगहरूमा गुमाएको रोजगारी क्रमशः एक लाख ५० हजार र तीन हजार पुगेको छ । यो लगातार १२औं र १४औं महिनामा घट्दै गएको छ । स्वास्थ्य तथा समाज कल्याण सेवा, विज्ञान तथा प्रविधि सेवा र सूचना तथा सञ्चार क्षेत्रमा रोजगारीको संख्या दुई लाख १८ हजार, एक लाख १३ हजार र ७२ हजार पुगेको छ ।

अप्रिलमा बेरोजगारको संख्या आठ लाख ५४ हजार थियो । यो एक वर्ष अघिको तुलनामा ३१ हजारले कम हो । बेरोजगारी दर ०.१ प्रतिशतले घटेर २.९ प्रतिशतमा झरेको छ । *रासस/सिन्ह्वा*

## चीन-इयू सम्बन्ध स्थापनाको ५० वर्ष

# थप मजबुत सम्बन्ध कायम गर्ने प्रतिबद्धता



**बेइजिङ–** चीन र युरोपेली संघ (इयू) का कूटनीतिज्ञ तथा विज्ञहरूले यस वर्ष कूटनीतिक सम्बन्ध स्थापनाको ५० औं वर्षगाँठ मनाइरहँदा बढ्दो विश्वव्यापी चुनौतीकाबीच सहकार्यलाई सुदृढ तुल्याउन आह्वान गरेका छन् । चीनका लागि इयू प्रतिनिधिमण्डलले आयोजना गरेको 'प्रोत्साहन सन्तुलन, प्रतिबद्धता कायम गर्ने, जिम्मेवारी ग्रहण गर्ने' शीर्षकको बेइजिङ आयोजित उक्त सम्मेलनमा दुवै पक्षका करिब ५०० प्रतिनिधि सहभागी भएका थिए ।

फ्रान्सका पूर्वप्रधानमन्त्री तथा इयूका पूर्वआयुक्त मिचेल बार्नियरले आर्थिक स्थिरता, विश्वव्यापी स्वतन्त्र र निष्पक्ष व्यापारका साथै जलवायु परिवर्तन र अन्य विश्वव्यापी चुनौतीका विषयमा इयू र चीनले मिलेर काम गर्नुपर्ने बताए ।

उनले जनस्तरको आदानप्रदानलाई प्रगाढ सम्बन्धको जगका रूपमा लिएको बताए । चीनको विदेश मन्त्रालयका युरोपेली मामिलाका महानिर्देशक ली जियानले विगत ५० वर्षमा चीन र इयूबीचको सम्बन्ध थप परिपक्व र लचिलो भएको बताए । 'जबसम्म दुवै पक्षले एकअर्कालाई सम्मान गर्छन्, समान परामर्शमा संलग्न हुन्छन् र एकअर्काका जायज चासोलाई सम्बोधन गर्छन्, तबसम्म हामी निश्चित रूपमा कठिनाइहरू पार गर्ने छौं र मतभेदहरू समाधान गर्नेछौं,' लीले भने ।

सिन्ह्वासँग कुरा गर्दै चीनका लागि युरोपेली संघका राजदूत जर्ज टोलेडो अल्बिनानाले इयू र चीनबीचको सम्बन्ध विश्वकै सबैभन्दा महत्त्वपूर्ण सम्बन्धका रूपमा विकसित भएको बताए । जलवायु परिवर्तनसँग जुध्न, जैविक विविधता र वातावरण संरक्षणमा युरोपेली संघ र चीन असल साझेदार रहेको उल्लेख गर्दै उनले अब विश्व व्यापार संगठनको ढाँचाभित्र रहेर दुवै पक्षले बहुपक्षीयताको रक्षा गर्ने अवसर पाएको उल्लेख गरे ।

'बेइजिङ फरेन स्टडिज युनिभर्सिटी'को 'सेन्टर फर द युरोपियन युनियन एण्ड रिजनल डेभलपमेन्ट स्टडिज'का निर्देशक कुइ होङजियानले भने, 'चीन र इयू दुवैले आफ्ना प्रतिबद्धतालाई कायम राख्न आवश्यक छ र आफ्ना मतभेदलाई अझ बढी तर्कसंगत दृष्टिकोण अपनाउनुपर्दछ र अर्थतन्त्र, राजनीति, संस्कृति र रणनीति गरी चार प्रमुख आयाममा सहयोगलाई प्रगाढ बनाउनुपर्छ ।

पचास वर्षअघि सन् १९७५ मा चीन र युरोपेली आर्थिक समुदायले कूटनीतिक सम्बन्ध स्थापना गरेका थिए, जुन आधुनिक अन्तर्राष्ट्रिय कूटनीतिको महत्त्वपूर्ण क्षण थियो । *रासस/सिन्ह्वा*


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०२/०१**

**प्रिमियर ईन्टरनेशनल स्कुल काठमाडौं** को मिति २०८२/०१/१२ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सिजालिम स्कुल काठमाडौं (दर्ता नं.: १३०६९३)** कायम गर्ने गरी मिति २०८२/०१/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०८/०३ मा दर्ता भएको **प्रा.लि.नं. २०२५८३** को **श्री गेटवे इन्टरप्राइजेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०१/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/१२/०२ मा दर्ता भएको **प्रा.लि. नं. ९१५१७** को **रामथली मिनरल्स इण्डष्ट्रिज प्रा.लि.** को मिति २०८२/०१/३१ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८,**
**ठेगानाः कागेश्वरी मनोहरा-९, फोन नं. ९८४११५३१४**



## ललितपुर महानगरपालिका वडा नं.-१८ को संधियारको नाममा जारी भएको सूचना सम्बन्धमा

**सूचना प्रकाशित मिति २०८२/०२/०१**

सुमनराज शाक्यको नाममा दर्ता कायम भएको साविक कार्यविनायक न.पा.-०५ हाल ललितपुर महानगरपालिका वडा नं.१८ को कि.नं. १८१४ क्षे.फ.१६६.९५ ब.मि. जग्गामा नयाँ घर निर्माणका लागि नक्सा दरखास्त परेको हुनाले स्थानीय सरकार सञ्चालन ऐन २०६४ अनुसार नक्सा बमोजिम नयाँ घर निर्माण गर्दा संधियारलाई पिर, मर्का सन्धी सर्पन पर्ने भए सबुत प्रमाणसहित १५ दिनभित्र उजुरी दरखास्त दिनु ल्याउनु होला भन्ने व्यहोराको मिति २०८२/०१/१६ गतेको १५ दिने सूचना बुझाउन जाँदा पूर्वतर्फ कि.नं. ६०५ का जग्गाधनीहरू राम थापा र पवन थापा फेला नपरेको हुँदा संधियार फेला नपरेमा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्ने व्यवस्था बमोजिम उक्त कित्ता जग्गामा नयाँ घर निर्माण गर्दा पिर, मर्का सन्धी सर्पन पर्ने भएमा सबुत प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र उजुरी दरखास्त दिन ल्याउनु हुन अनुरोध गर्दछु ।

दरखास्त वाला
**सुमनराज शाक्य**
इति सम्वत् २०८२ साल जेठ १ गते रोज ५ शुभम्



## युएइमा रोजगार

कम्पनी : GULF ORYX FENCING FIXING LLC
पूर्व स्वीकृति मिति : २०८२/०१/३० | LT. No. 323680 | चलानी नं. ६०२३७७०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ARCHIVEST | 1 | 0 | 1200 | ४४,५६३ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician Assistant | 1 | 0 | 1200 | ४४,५६३ | | | | | | | |
| 3 | FILING CLERK | 1 | 0 | 1200 | ४४,५६३ | | | | | | | |
| 4 | Messanger | 1 | 0 | 1200 | ४४,५६३ | | | | | | | |
| 5 | Plumber Assistant | 1 | 0 | 1200 | ४४,५६३ | | | | | | | |

कम्पनी : ALAWRAQ AL MALAKIA CONTRACTING AND BUILDING WORKS L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०१/२६ | LT. No. 323370 | चलानी नं. ६०२३७७०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | labourer / worker/ building worker / worker | 9 | 0 | 1250 | ४६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ८ गते (22nd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१



## साउदीमा रोजगार

कम्पनी : GOLDEN TRIANGLE SPARE PARTS EST.
पूर्व स्वीकृति मिति : २०८२/०१/३१ | LT. No. 323767 | चलानी नं. ६०२३७७२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKSHOP WORKER | 1 | 0 | 1200 | ४३,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ८ गते (22nd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०



## मलेसियामा रोजगार

कम्पनी : GOLDEN TRIANGLE SECURITY SERVICES SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८२/०१/२२ | LT. No. 322979 | चलानी नं. ६०२३७७५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SECURITY GUARD MALE | 50 | 0 | 1700 | ५४,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ८ गते (22nd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 539/061/062
Richhood Overseas Inc. Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com



## साउदीमा रोजगार

कम्पनी : Raboa' Asia forTrading Est.
पूर्व स्वीकृति मिति : २०८२/०१/३१ | LT. No. 323714 | चलानी नं. ६०२३७७४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accounting Clerk/general | 1 | 0 | 2500 | ९०,९१५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen. Product Worker | 1 | 0 | 1500 | ५४,५५० | | | | | | | |
| 3 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३६,३६५ | | | | | | | |
| 4 | Shelf Packer | 1 | 0 | 1000 | ३६,३६५ | | | | | | | |
| 5 | Warehouse Specialist | 1 | 0 | 5000 | १८१,१३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ ८ गते (22nd May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फचाक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १८५३०० | प्रति तोला – ० | प्रति तोला – १९६० |



**कोरोला नाका** | चार हजार ६०० को उचाई रहेको नेपाल–चीन सीमास्थित कोरोला नाकाबाट देखिएको दृश्य । पछिल्ला दिनमा आन्तरिक पर्यटकहरू धेरै मात्रामा कोरोना नाका आउने गरेका छन् । *तस्बिरः धर्मेन्द्र झा/रासस*

लगानी बोर्ड बैठक

## परियोजनाको प्राथमिकीकरण र अध्यावधिक गर्ने निर्णय

■ प्रभाव संवाददाता

**काठमाडौं** – प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा आज बसेको लगानी बोर्डको बैठकले परियोजनाहरूको प्राथमिकीकरण गरी सूची अध्यावधिकसहित कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको ६२औँ बैठकले २०८१ वैशाखमा सम्पन्न लगानी सम्मेलनका क्रममा लगानी गर्न एवं परियोजनाको सूची तयार गरी बोर्डसमक्ष पेस गर्न उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलको संयोजकत्वमा सार्वजनिक-निजी साझेदारी परियोजना प्राथमिकीकरण समिति गठन गरेको छ ।

बैठकबाट सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा मातहतका सार्वजनिक निकायले सार्वजनिक-निजी साझेदारी तथा निजी लगानीका परियोजनाको कार्यान्वयन गर्न-एकरूपता कायम हुनेगरी आवश्यक कार्यविधि तर्जुमा गरी पेस गर्न बोर्डको कार्यालयलाई निर्देशन दिइएको छ ।

बैठकले चीन-नेपाल मैत्री औद्योगिक उद्यान, दमकको परियोजना विकास सम्झौताअन्तर्गत विकासकर्तासँग सहमति जुटेका विषयमा जानकारी लिँदै बाँकी विषयलाई सम्बन्धित निकायसँगको छलफल एवं समन्वयमा टुङ्गो लगाउन निर्देशन दिएको बोर्डका प्रवक्ता एवं सहसचिव प्रधुम्नप्रसाद उपाध्यायले जानकारी दिए ।

माथिल्लो कर्णाली जलविद्युत् परियोजनाको वित्तीय व्यवस्थापनसम्बन्धी कागजातका सम्बन्धमा बोर्डलाई जानकारी गराइएको छ । यस्तै सेती नदी-६ अर्ध जलाशययुक्त परियोजना (४५० मेगावाट) को विस्तृत परियोजना प्रतिवेदन तथा वातावरणीय अध्ययनसमेतका लागि सर्वेक्षण अनुमतिपत्रको अवधि एक वर्षका लागि थप गर्ने निर्णय बैठकले गरेको छ ।

बैठकले नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमअनुसार बजेट वक्तव्यमा लगानी बोर्डसँग सम्बन्धित विभिन्न विषयहरू समावेश गर्न नेपाल सरकारसमक्ष सिफारिस गरेको छ ।

## जलविद्युत्मा लगानी गर्न फ्रान्सेली लगानीकर्तालाई आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं**– स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले नेपालको जलविद्युत् क्षेत्रमा लगानी गर्न फ्रान्सेली लगानीकर्तालाई आग्रह गरेका छन् ।

फ्रान्सको राजधानी पेरिसमा आयोजित 'फ्रान्स-नेपाल जलविद्युत् लगानी सम्मेलन'लाई सम्बोधन गर्दै अध्यक्ष कार्कीले दक्षिण एसियामा बढिरहेको ऊर्जाको माग पूरा गर्न नेपालको जलविद्युत्को महत्वपूर्ण भूमिका रहने भएकाले लगानी गर्न आग्रह गरेका हुन् ।

सन् १९९९ अघि नेपालको कूल विद्युत् उत्पादन क्षमता २५० मेगावाट रहेकामा २५ वर्षमै तीन हजार ५०० मेगावाट पुगेको छ । यसमा निजी क्षेत्रको योगदान ८० प्रतिशत रहेको अध्यक्ष कार्कीले जानकारी गराए ।

त्रिशूली नदीमा निर्माणाधीन २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापनमा फ्रान्सले सहयोग गरेको कार्कीले स्मरण गराए । यस परियोजनाका लागि फ्रान्सले अन्तरराष्ट्रिय वित्त निगमसँग मिलेर ४५३ मिलियन अमेरिकी डलर ऋण उपलब्ध गराएको थियो । यो परियोजनाबाट नेपालको विद्युत् आपूर्तिमा उल्लेख्य सहयोग पुग्ने विश्वास लिइएको छ ।



**सन् १९९९ अघि नेपालको कूल विद्युत् उत्पादन क्षमता २५० मेगावाट रहेकामा २५ वर्षमै तीन हजार ५०० मेगावाट पुगेको छ**

सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट ऊर्जा उत्पादन पुऱ्याउने सरकारी लक्ष्यलाई ध्यानमा राख्दै, नेपालले ठूला परिमाणमा प्रत्यक्ष विदेशी लगानीलाई स्वागत गर्ने कार्कीको भनाइ छ । 'लक्ष्यअनुसार १५ हजार मेगावाट भारतमा निर्यात गरिनेछ, भने बाँकी १३ हजार ५०० मेगावाट स्वदेशमै उपयोग गरिनेछ । यो महत्वकांक्षी योजना अन्तरराष्ट्रिय लगानीकर्ताका लागि बिमा, बैंकिङ, निर्माण, शिक्षा, स्वास्थ्य, पूर्वाधारलगायतका विभिन्न क्षेत्रमा अवसरको रूपमा आएको छ,' उनले भने ।

उनले आगामी असोजमा आयोजना हुने 'पावर समिट-२०२५' मा सहभागी भई नेपाललाई क्षेत्रीय बजारमा ऊर्जा आपूर्ति गर्ने मुलुकको रूपमा स्थापित गर्न सहयोगको आग्रह गरे ।

## व्यावहारिक र वस्तुनिष्ठ बजेट ल्याइन्छ : *अर्थमन्त्री पौडेल*

■ प्रभाव संवाददाता

**काठमाडौं**– उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका आधारमै आगामी आवको बजेट निर्माण गरिने बताएका छन् । राष्ट्रियसभामा आगामी आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथिको छलफलमा उठेको प्रश्नको आज जवाफ दिँदै उनले बजेट कार्यान्वयनमा देखिएको बाधा हटाएर सरकार अघि बढ्ने स्पष्ट पारे ।

'व्यवहारिक र वस्तुनिष्ठ बजेट निर्माण र कार्यान्वयनको सुनिश्चितता गरिनेछ, बजेट कार्यान्वयनबाट मुलुक र आम नागरिकले प्रतिफल प्राप्त गर्छन्', उनले भने । उनले छलफलबाट प्राप्त सुझावलाई बजेट निर्माण गर्दा ख्याल गरिने प्रतिबद्धता व्यक्त गरे ।

अर्थमन्त्री पौडेलले विकासको ढाँचा, गति र संस्कृतिक परिवर्तन गर्नुपर्ने कुरालाई सिद्धान्त र प्राथमिकताले जोड दिएको बताए । 'अहिलेको विकासको ढाँचा, गति र संस्कृतिले कही पुऱ्याउँदैन, अब त्यसमा परिवर्तन आवश्यक भएको अनुभूतिका आधारमा सिद्धान्त र प्राथमिकता प्रस्तुत भएको छ', उनले भने ।

नीति तथा कार्यक्रमसँग सिद्धान्त र प्राथमिकताको मेल खाएको र नीति कार्यक्रमलाई अनुसरण गर्दै सिद्धान्त र प्राथमिकता आएको उनको भनाइ छ । उपप्रधानमन्त्री पौडेलले सिद्धान्त र प्राथमिकताले सन्तुलित र समन्यायिक विकासलाई जोड दिएको, रोजगारी, स्वरोजगारी र गरिबी निवारणलाई महत्व दिएको बताए ।

## नेप्सेमा लगातार गिरावट

**काठमाडौं (प्रस)**– नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा पछिल्लो चार कारोबार दिन लगातार गिरावट देखिएको छ । निरन्तर घटिरहेको नेप्से परिसूचक बुधबार १३ दशमलव ९६ अङ्कले घटेर दुई हजार ६२० दशमलव २७ को विन्दुमा कायम भएको हो । तीन सय १५ कम्पनीको एक करोड ८४ लाख ९६ हजार १३८ कित्ता शेयर एक लाख १२ हजार ५७७ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ७३ करोड ६५ लाख ७० हजार ५०५ बराबरको कारोबार भएको हो ।

विकास बैंक समूह एक दशमलव १९ र अन्य समूह दुई दशमलव ४६ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । कारोबारमा ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी नौ दशमलव ९८ प्रतिशतले बढेको छ । गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कर्पोरेट

### सिन्धु विकास बैंकको रक्तदान कार्यक्रम



**काठमाडौं (प्रस)**– सिन्धु विकास बैंकको सहयोगमा वक्तृत्वकला प्रतियोगिता र बृहत रक्तदान कार्यक्रम सम्पन्न भएको छ । बैंकको संस्थागत सामाजिक उत्तरदायित्व सम्बधी वार्षिक कार्ययोजना अन्तर्गत शाखा कार्यालय बाह्रबिसेले नेपाल रेडक्रस सोसाइटी बाह्रबिसे उप-शाखासँगको संयुक्त आयोजनामा सोमबार बाह्रबिसे नगरपालिका ०८ मा खुल्ला रक्तदान कार्यक्रम र प्राइभेट प्याराडाइज मा.वि.मा नगरस्तरीय अन्तर विद्यालय वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको थियो ।

प्राइभेट प्याराडाइज मा.वि.मा आयोजित नगरस्तरीय अन्तर विद्यालय वक्तृत्वकला प्रतियोगितामा बाह्रबिसे नगरपालिकाका १० वटा विद्यालयका १८ जान विद्यार्थीले सहभागिता जनाएका थिए । उक्त कार्यक्रममा २०० भन्दा बढि जनसमुदायको उपस्थिती रहेको थियो । सो वक्तृत्वकला प्रतियोगितामा प्रथम हुनेलाई बाह्र हजार, द्वितिय हुनेलाई नौ हजार र तृतिय हुनेलाई ६ हजारको नगद उपहार पनि प्रदान गरिएको थियो । साथै रक्तदान कार्यक्रममा ४३ जनाले रक्तदान गरी सहभागिता जनाएका थिए । बैकले आफ्नो सामाजिक उतरदायित्व कार्यलाई निरन्तरता दिने पनि जनाएको छ ।

सिन्धु विकास बैंक लिमिटेड नेपाल राष्ट्र बैंकबाट ख वर्गको इजाजतपत्र प्राप्त क्षेत्रीय विकास बैंक हो । काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, चितवन तथा मकवानपुर गरी पाँच जिल्लाको कार्यक्षेत्र रहेको सिन्धु विकास बैंकको २६ वटा शाखाहरू सञ्चालनमा रहेका छन् ।

### लाङटाङ-क्यान्जिन पदमार्गमा टेलिकमको फोरजी




**काठमाडौं (प्रस)**– नेपाल टेलिकमले नेपालको प्रसिद्ध एवम् सुन्दर पदयात्रा गन्तव्यको रूपमा परिचित रहेको लाङटाङ-क्यान्जिन पदमार्गमा सो क्षेत्रका वासिन्दा तथा पर्यटकलाई लक्षित गरी फोरजी मोबाइल सेवा सञ्चालन गरेको छ ।

काठमाडौँदेखि सबैभन्दा नजिकको हिमाली पदमार्गको रूपमा चिनिने यस क्षेत्रमा नेपाल टेलिकमको फोरजी मोबाइल सेवाले पर्यटकहरूलाई यात्राका दौरानमा सांस्कृतिक, प्राकृतिक र भौगोलिक विविधताको अनुभव आफ्ना प्रियजनहरूसँग साटासाट गर्न सहयोग पुग्नेछ । समुद्री सतहबाट करिब ३८०० मिटरको उचाइमा अवस्थित क्यान्जिन उपत्यकामा नयाँ बिटिएस जडान गरेर नेपाल टेलिकमले उक्त क्षेत्रमा फोरजी सेवा सञ्चालनमा ल्याएको हो ।

रसुवा जिल्लाको गोसाइँकुण्ड गाउँपालिका-४ मा पर्ने र स्याफ्रुबेशीबाट लगभग २ दिनको पैदलयात्रामा पुगिने मनमोहक पर्यटकीय स्थल क्यान्जिन उपत्यका स्वदेशी तथा विदेशी पर्यटकका लागि लोकप्रिय गन्तव्यस्थल हो । लाङटाङ राष्ट्रिय निकुञ्जको क्षेत्रमा पर्ने यस उपत्यकामा नेपाल टेलिकमको फोरजी सेवा विस्तार भएसँगै यस क्षेत्रका स्थानीय बासिन्दा, घुम्न आउने पर्यटकहरू तथा यस भेगका पर्यटन लगायत अन्य व्यवसायीहरू समेत दूरसञ्चार सेवाबाट लाभान्वित हुने विश्वास कम्पनीको रहेको छ ।

## मर्स्याङ्दी जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन पूरा



**काठमाडौं (प्रस)**– कुमारी बैंकको अगुवाईमा गोरखा जिल्लाको पालुङटार नगरपालिका, लमजुङ जिल्लाको राईनास नगरपालिका र तनहुँ जिल्लाको भानु नगरपालिका भएर बग्ने मर्स्याङ्दी नदीमा एम. ए. पावर प्रा. लि. ले निर्माण गर्ने ९० मेगावाटको मर्स्याङ्दी नदी अर्धजलाशययुक्त जलविद्युत् आयोजनाका लागिव लगानी सम्झौता सम्पन्न भएको छ ।

लगानी सम्झौता एम. ए. पावर प्रा. लि.का अध्यक्ष अनुप आचार्य र कुमारी बैक लिमिटेडका प्रमुख व्यवसाय अधिकृत क्षितिज खड्काको उपस्थितिमा कुमारी बैक लिमिटेड, प्रभु बैक लिमिटेड, सिद्धार्थ बैक लिमिटेड, कृषि विकास बैक लिमिटेड, सानिमा बैंक लिमिटेड, कर्मचारी सञ्चय कोष, गरिमा विकास बैंक लिमिटेड, लुम्बिनी विकास बैंक लिमिटेड तथा सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको रु. १५ अर्ब १८ करोड ७५ लाखको संयुक्त लगानीमा आयोजना निमार्ण हुने गरी ऋण सम्झौता सम्पन्न भएको छ ।

स्वपुँजी लगानीतर्फ अनुप आचार्य, हरिबाबु न्यौपाने र दिपक बरालको हुनेछ । साथै डोल्मा इम्पाक्ट फण्डले पनि कम्पनीमा संस्थापक सेयरको ४९ प्रतिशत सम्म स्वपुँजी लगानी रहने कम्पनीका अध्यक्षले बताएका छन् । यही समुहबाट हाल सेतीखोला हाईड्रोपावर लिमिटेड मार्फत सेतीखोला जलबिद्युत आयोजना २२ मे.वा. निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

आयोजनाको नेपाल बिद्युत प्राधिकरणसँग २०८० साल कार्तिक ०१ गते बिद्युत खरिद बिक्री सम्झौता सम्पन्न भई व्यपारिक उत्पादन शुरु गर्नु पर्ने मिति २०८६ साल बैशाख २२ रहेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ